छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
वर्ष २५ •अंक १५५ •२०८० साल कार्त्तिक ५ गते आइतबार (22 October, Sunday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

## मधेशमा राजनीतिक शुभकामना

# शीर्ष नेताहरु नागरिकसित जोड्न सन्देश आदानप्रदानमा

**टुडे समाचारदाता**

जनकपुरधाम । तराई/मधेशका शीर्ष नेताहरु वडा दशैंलाई मतदातासित जोड्ने अवसरको रुपमा उपयोग गरिरहेका छन् ।

वडा दशैंको शुभकामना आदानप्रदान गर्ने नाममा नेताहरु भौतिक रुपमा नै गाउँ टोलसम्म पुग्न थालेका छन् । मतदाताहरुसित प्रत्यक्ष रुपमा जोडिन नेताहरुले दशैंको उपयोग गरिरहेका छन् ।

अन्य समयको भन्दा दशैंको विदामा गाउँ टोलमा धैरै मानिससित भेटघाट हुने भएकाले नेताहरु स-साना शुभकामना आदानप्रदान कार्यक्रममा भौतिक रुपमा नै उपस्थिति जनाउने गरेका छन् ।

सुस्त अवस्थामा रहेको लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)का वरिष्ठ नेता राजेन्द्र महतो सप्तरी जिल्लालाई केन्द्र बनाएर शुभकामना कार्यक्रमहरुमा सहभागी हुने गरेका छन् । लोसपाको केन्द्रीय समिति विस्तार भएपछि असन्तुष्ट बनेका नेता महतोले सप्तरीबाट सक्रियता बढाएका छन् । यस अघि उनी राजनीतिक कार्यक्रमहरुमा कमै मात्र देखिन्थे ।

सप्तरीमा उनको सक्रियतालाई आगामी चुनावको तयारीको रुपमा पनि लिइएको छ । जनमत पार्टीका अध्यक्ष डा.सीके राउतसित नजिक रहेका महतोले आगामी दिनमा सहकार्यको वातावरण बनाउन सप्तरीमा 'स्पेस' खोजेको हुनुपर्छ ।

जनता समाजवादी पार्टी(जसपा)का अध्यक्ष उपेन्द्र यादवले मोबाइलबाट शुभकामना सन्देश पठाउँदै सम्बन्धलाई विस्तार गर्न खोजेको देखिन्छ । कमै फोन उठाउने र अनुहार पनि मलिन देखिने यादवले पहिलो पटक परिचितहरुलाई मोबाइलबाट शुभकामना सन्देश पठाएका छन् ।

चुनावको बाहेक यादवले कार्यकर्तामात्र नभइ नेताहरुसितसमेत दूरी बनाउने आरोप खेप्दै आएका छन् । नेता, कार्यकर्ताहरुले मात्र नभइ नागरिकले नमस्कार गर्दासमेत फर्काउन नरुचाउने अध्यक्ष यादवले बडा दशैंको शुभकामना सन्देश मोबाइलमा पठाउनुलाई आश्चर्यजनक मानिएको छ । केही दिन धनुषा र महोत्तरीमा सक्रिय रहेका यादवले मोबाइलबाट नेता, कार्यकर्ताहरुसित जोड्ने प्रयास थालेका छन् ।

जनमतका अध्यक्ष डा.राउत पनि कार्यकर्ताहरुसितको प्रत्यक्ष संवादलाई फराकिलो बनाएका छन् । दशैंको विदामा उनी पनि सप्तरी जिल्लामा नेता, कार्यकर्ताहरुसित सघन भेटघाट गरिरहेका छन् ।

विगतमा दशैं, तिहार र छठमा नेताहरु गृह जिल्लामा दलका नेता, कार्यकर्तासहित आम नागरिकहरुसित भंटघाट गर्न आउथे । तर केही वर्षदेखि यो क्रममा निकै कमी आएको छ । संघीय राजधानी छाडेर गृह जिल्लामा भेटघाटका लागि आउने कमै नेता देखिन्छन् ।

नेपाली कांग्रेसका नेता विमलेन्द्र निधि अन्य समयमा गृह जिल्ला आइरहे पनि दशैंमा उनी चर्चामा आएनन् । दशैंमा विभिन्न शक्तिपीठहरुमा गइ दर्शन पूजा गर्नेसँगै युवाहरुसितको सम्बन्धलाई सुधार गर्ने निधिको सक्रियताले आगामी आमचुनाव लड्ने तयारीको संकेत दिएको छ ।


समानुपातिक सांसद रहेका निधि आगामी चुनावमा भीड्ने मनस्थिति बनाएको उनका निकट सहयोगीहरुले बताउने गरेका छन् ।

केन्द्रीय समिति विस्तार गरेसँगै पार्टी भित्र पनि विवादित बनेका अध्यक्ष महन्थ ठाकुर अझै काठमाण्डु छाडेका छैनन् । उनी पार्टीका कार्यकर्ताबीच पनि आलोचित बनेका छन् । त्यसकारण दशैंमा आफ्नै निर्वाचन क्षेत्र महोत्तरीमा समेत आएका छैनन् ।













# प्रहरीलाई ११ थान साइकल प्रदान



बारा । कलैया उपमहानगरपालिकाका नगर प्रमुख विनोद साहले जिल्ला प्रहरी कार्यालय बारालाई ११ थान साइकल हस्तान्तरण गर्नुभएको छ । चाडबाडको बेला शान्तिसुरक्षालाई चुस्त-दुरुस्त पार्न एवं प्रहरी गस्तीलाई प्रभावकारी बनाउने उद्देश्यका साथ साइकल प्रदान गर्नुभएको छ।

जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी उपरीक्षक सुरेश काफ्लेले साइकल गस्ती प्रभावकारी हुनाका साथसाथै कम खर्चिलो हुने बताउँदै प्रहरीको निगरानी बढाउने र शान्तिसुरक्षा कायम गर्नमा यसले थप मद्दत पुग्ने बताउनुभयो ।

साइकल हस्तानान्तरणपछि नगर प्रमुख साहले साइकलको माध्यमबाट नगरभरि प्रहरीको गस्ती टोली परिचालन भयो भने अपराध एवं चोरीपैठारी नियन्त्रण, लागुपदार्थ सेवकर्ताहरूलाई पनि निगरानी गर्ने सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । शान्तिसुरक्षा बहाल गर्ने सन्दर्भमा प्रहरी दिनरात खटिरहेको र साइकलले प्रहरीलाई गस्ती गर्न थप सहयोग पुग्ने उहाँले बताउनुभयो । रासस

# देवी दुर्गाको ध्वजा यात्रा

**टुडे समाचारदाता**




सर्लाही । विजया दशमीको सातौं दिन फूलपातीको अवसरमा सर्लाहीको सदरमुकाम मलंगवामा बाजा गाजासहित देवी दुर्गाको १०८ ध्वजा यात्रा निकालिएको छ । प्रत्येक वर्ष फूलपातीका दिन निकालिँदै आएको ध्वजा यात्रा यस वर्ष पनि दुर्गा भगवती मन्दिर मलंगवाको आयोजनामा निकालिएको छ।

स्थानीयसमाजसेवीजयप्रकाश अग्रवालको संयोजकत्वमा दुर्गा पूजा मूल समारोह समिति गठन गरी मलंगवा नगरपालिका वडा न-८, भगवती मन्दिरस्थित मोहर सिंह घर्मशालाको परिसरबाट निकालिएको १०८ ध्वजा यात्रामा नगरवासीको उल्लेख्य सहभागिता रहेको थियो।

उक्त यात्रामा मधेश प्रदेशका सांसदद्वय जंगिलाल राय, कौशल किशोर राय, मधेश प्रदेश दलित आयोगका अध्यक्ष राम प्रवेश बैठा, पूर्व संघीय सांसद प्रमोद साह, पूर्व मधेश प्रदेश सभा सदस्य अशोक यादव, जिल्ला समन्वय समितिका उपसभापति जितेन्द्र कुशवाहा, जिल्ला समन्वय समितिका पूर्व सभापति मेथुर चौधरी, मलंगवा नगरपालिका पूर्व मेयर निरसल साह, विभिन्न वडाका वडाअध्यक्ष, नागरिक समाज, बुद्धिजीवी, स्थानीय समाजसेवी, दुर्गा पूजा समितिका सदस्य लगायतको सहभागिता रहेको थियो ।

भगवती मन्दिर परिसरबाट बिहान निकालिएको ध्वजा यात्रा नगरको विभिन्न भागको परिक्रमा गर्दै पुनः सोही ठाउँमा आएर सम्पन्न गरिएको थियो ।

# विवादका बीच एनआरएनएका पदाधिकारीले लिए शपथ



**टुडे समाचारदाता**

काठमाण्डु । विवादका बीच गैरआवासीय नेपाली संघ (एनआरएनए) को नयाँ कार्यसमितिको शपथ ग्रहण सम्पन्न भएको छ । शनिबार राजधानीको होटल सोल्टीमा निर्वाचन समितिले नवनिर्वाचित कार्यसमितिलाई पद तथा गोपनीयताको शपथ दिलाएको हो ।

यसअघि निर्वाचनमा धाँधली भएको भन्दै अध्यक्षका प्रत्यासीद्वय आरके शर्मा र महेश श्रेष्ठले निर्वाचन परिणाम अस्वीकार गरेका थिए । शुक्रबार नै श्रेष्ठ र शर्मा पक्षले परराष्ट्र मन्त्रालयमा उजुरी दिनुका साथै यसबारे छानबिनका लागि नेपाल प्रहरीको साइबर ब्युरोमा पनि निवेदन दिएको थियो ।

उनीहरुले अध्यक्ष बद्री केसीले भेरो नामक विद्युतीय भोटिङ मेसिनको दुरुपयोग गरेर निर्वाचन आफ्नो पक्षमा पारेको आरोप लगाएका छन् । निर्वाचनमा केसी अध्यक्षमा विजयी भएका थिए ।

शुक्रबार नै अध्यक्ष कुल आचार्य, बद्री केसी र रविना थापाले विज्ञप्ति जारी गरेर अर्को निर्णय नभएसम्मका लागि शुक्रबार तय भएको सम्पूर्ण कार्यक्रम रद्ध भएको जानकारी दिएका थिए । तर, शनिबार केसी पक्षले कार्यक्रम राखेर शपथ सम्पन्न गरिएको हो ।

शनिबार शपथपछि केसीले निर्वाचन पारदर्शी भएको दाबी गर्दै केही प्राविधिक समस्या उपाध्यक्ष पदको उम्मेदवारको हकमा देखिएको भएपनि त्यसलाई सच्याइसकेको बताए ।

उनले एनआएनए अभियानमा सबैलाई साथमा लिएर अघि बढ्ने भन्दै आफूले सबै एनआरएनएको वास्तविक एकता गर्नका लागि प्रयास गर्ने पनि बताए । आजै नवनिर्वाचित कार्यसमितिको बैठक पनि केन्द्रीय सचिवालय बालुवाटारमा राखिएको छ ।

निर्वाचन समितिका अनुसार अध्यक्षमा बद्री केसी, उपाध्यक्षमा विनोद श्रेष्ठ, हेमराज शर्मा, केशव पौडेल, राजु रेग्मी (राज), रामशरण सिम्खडा र रोबिन प्रसाद शेरचन, महासचिवमा गौरीराज जोशी विजयी हुँदा महिला उपाध्यक्षमा रोजिना प्रधान राई र युवा उपाध्यक्षमा रोशन थापा विजयी भएका छन् ।

यसैगरी उपमहासचिवमा प्रविन गुरुङ र सोम सापकोटा तथा सचिवमा भीम केसी कमल, ज्ञानेन्द्र रेग्मी, मनोज कुमार श्रेष्ठ, नवराज रोस्यारा, पारसमणि पोखरेल र स्वतन्त्र प्रताप शाह निर्वाचित भएका छन् । यस्तै महिला सचिवमा राधिका गुरुङ, कोषाध्यक्षमा सुदन कुमार थापा तथा सहकोषाध्यक्षमा कृष्ण प्रसाद तिमल्सेना, तिलक गैरे र अभिमन्यु बस्नेत निर्वाचित भएका छन् ।

## एनआरएनएलाई विभाजनतर्फ लगियोः आरके शर्मा

**टुडे समाचारदाता**

काठमाण्डु । गैरआवासीय नेपाली संघ (एनआरएनए) को अध्यक्ष पदका प्रत्यासी आरके शर्माले संघलाई बद्री केसी पक्षले विभाजनतर्फ लगेको टिप्पणी गरेका छन् । शनिबार विवादका बीच नवनिर्वाचित कार्यसमितिको शपथ ग्रहण गरिएसँगै शर्माले यस्तो टिप्पणी गरेका हुन् ।



'एकलौटी ढंगले सिस्टमलाई कब्जा लिएर निर्वाचन प्रभावित गरेर स्वतन्त्र ढंगले निर्वाचन नभएको हुँदा यसरी मन्जन गरिएको कथित शपथको कुनै औचित्य नहुने यो एनआरएनए अभियानको मर्म विपरित हुने छ।

यसरी शपथ लिएर एउटा पक्षले अभियानाई विभाजन तर्फ लगेको छ', शर्माले भने । उनले आफूहरु पवित्र अभियानलाई विभाजन हुन नदिनेमा दृढ रहेको पनि बताए । शर्माले निर्वाचनमा गम्भीर त्रुटि र मतदाताको मतबाट निर्वाचनको परिणाम घोषणा नभएको कुरा निर्वाचन समितिले स्वीकार गरिसकेको पनि बताए । 'यस्तो अवस्थामा एनआरएनए विश्व सम्मेलनको सम्पूर्ण प्रक्रिया रोक्ने निर्णय भइसकेको र निर्वाचनमा देखिएको त्रुटि छलीलाई छानबिन १५ दिनभित्र सक्ने सहमति विपरीत कथित शपथको कार्यक्रम राखिएकोमा गम्भीर असहमति व्यक्त गर्दछु', उनले भने ।

शर्मा र महेश श्रेष्ठ समूहसमेतले आफ्नो धारणा सार्वजनिक गर्न शनिबार नै शपथको कार्यक्रम राखेको छ ।

# वृद्धाश्रममा कपडा वितरण



**टुडे समाचारदाता**

जनकपुरधाम । जानकी वृद्धाश्रममा रहेकी १८ जना वृद्ध आमाहरुलाई कपडा वितरण गरिएको छ।

जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर १का पूर्व वडाध्यक्ष शत्रुध्न साहले उनीहरुलाई वृद्धाश्रममा कपडा वितरण गरेका छन् ।

उनले चाडपर्वको बेलामा सबैको नयाँ लुगा लगाउने इच्छा हुने भएकोले आफ्नो स्वर्गवासी मातापिताको स्मृतिमा वृद्धाश्रममा रहेकी आमाहरुलाई नयाँ साडी वितरण गरेको बताए।

यसका साथै साहले शनिबारबाटै रेल्वे स्टेशनमा रहेको हनुमान मन्दिरमा प्रसाद वितरण शुरु गरेका छन् ।

उनले अबदेखि आफूले सकुञ्जेल प्रत्येक शनिबार उक्त मन्दिरमा प्रसाद वितरण गर्ने जनाए।

# शुभकामना आदानप्रदान सम्पन्न

**टुडे समाचारदाता**

बारा । गढीमाई साझेदारी वन उपभोक्ता समूह पथलैयाको आयोजनामा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रमको उद्‌घाटन गर्दै पूर्वमन्त्री तथा बारा क्षेत्र नं.४ का प्रतिनिधि सभा सदस्य कृष्ण कुमार श्रेष्ठ (किसान)ले वातावरणमा देखिएका समस्याहरु वनजङ्गल विनासको असर भएका कारण खाली जग्गामा बोटबिरुवा लगाउन सल्लाह दिए।

उपभोक्ता समूहहरु वन उपभोगतर्फ मात्र आफ्नो ध्यान केन्द्रित नगरी बोटबिरुवाको संरक्षण सम्वर्द्धन गर्नतर्फ लाग्नुपर्ने सुझाव दिए । उत्पादन भएका काठहरु न्यायपूर्ण तरिकाले वितरण गर्न र आर्जित आयलाई दायराभित्र रहेर खर्च गर्न उनले अनुरोध गरे ।

उनले संघ सरकारको तर्फबाट चाहिएको सहयोग उपलब्ध गराउने प्रतिवद्धता जाहिर गरे ।




डिभिजन वन कार्यालय बाराका वन अधिकृत जवाहर प्रसाद कुर्मीले एक अध्ययनले बारामा ९ प्रतिशतले वन वृद्धि भएको तथ्य प्रस्तुत गरे । वन कार्यालयले सार्वजनिक जग्गाहरुमा वृक्षरोपण गरेको र वन संरक्षणतर्फ स्थानीय तह र वन उपभोक्ताको साथ राम्रो रहेको बताए।

गढीमाई साझेदारी वनका संस्थापक अध्यक्ष गणेशजी प्रसाद साहले गढीमाई साझेदारी वन लामो समयको संघर्ष र प्रयासले बनाइएको संस्था रहेको बताए । संस्थाको भावी मार्गदर्शन वन व्यवस्थापन समितिले निर्धारण गर्ने भएकाले संस्थाको मर्म र उद्देश्य अनुरुप कार्य गर्न सल्लाह दिए।

गढीमाई साझेदारी वन उपभोक्ता समूह पथलैयाका अध्यक्ष रामएकवाल प्रसाद तेलीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सहायक वन अधिकृत ललन राउतले गरेका थिए। कार्यक्रममा समाजमा योग्दान पुर्‍याएका व्यक्तिहरुलाई सम्मान गरी मायाको चिनो प्रदान गरिएको थियो।

कार्यक्रममा पूर्व मन्त्री तथा निवर्तमान प्रतिनिधि सभा सदस्य एकबाल मिया ,बारा क्षेत्र नं.४(क) बाट निर्वाचित प्रदेश सभा सदस्य देवनारायण चौधरी, निवर्तमान प्रतिनिधि सभा सदस्य रामबाबु यादव ,संविधान सभा सदस्य जय प्रकाश यादव , रामचन्द्र प्यासी, उपराष्ट्रपतिका स्वकिय सचिव आनन्द यादव, पूर्व साझेदारी महासंघका केन्द्रीय अध्यक्ष रामरुप प्रसाद कुर्मी, जीतपुरसिमरा उपमहानगरपालिका वडा नं.७ का वडा अध्यक्ष सुनिल गुप्तालगायतको सहभागिता रहेको थियो।

# मोटरसाइकल दुर्घटनामा युवकको मृत्यु

राजविराज । हुलाकी राजमार्गको विष्णुपुर गाउँपालिका-१ जमुनीमा मोटरसाइकल दुर्घटना हुँदा एक युवकको शनिवार मृत्यु भएको छ । मृत्यु हुनेमा सप्तरीको बोदेबरसाइन नगरपालिका-१ का ३५ वर्षीय रेमन्त साह रहेको प्रहरी नायब उपरीक्षक ढुण्डीराज नेउपानेले जानकारी दिनुभयो ।

सो दुर्घटनामा घाइते भएका साहलाई उपचारका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा भर्ना गरिए पनि उपचारकै क्रममा उहाँको मृत्यु भएको सप्तरी प्रहरीले जनाएको छ । राजविराजबाट पश्चिम जाँदै गरेको स१०प ४७२ नंको मोटरसाइकल आफैं अनियन्त्रित भई दुर्घटना भएको थियो। रासस

# चार महिनामा १ करोडको तास भित्रियो


**टुडे समाचारदाता**

काठमाण्डु । चालू आर्थिक वर्ष २०८०/८१ को २ महिनाको अवधिमा ४ करोडभन्दा धैरैको तास भित्रिएको छ। भन्सार विभागका अनुसार चालू वर्षको साउनदेखि भदौ महिनाको अवधिमा ६ करोड ४४ लाख रुपैयाँभन्दा धैरैको तास भित्रिएको हो।

तथ्यांकअनुसार यस अवधिमा २२ लाख ९७ हजार पिस तास भित्रिएको छ। उक्त परिणामको तास भित्रिँदा ४ करोड ४ लाख रुपैयाँ राजश्व संकलन भएको भन्सार विभागले जनाएको छ। यस अवधिमा चीनबाट ६ करोड १ लाख रुपैयाँको तास भित्रिएको छ। यस्तै, भारतबाट ४३ लाख ६३ हजार रुपैयाँको तास भित्रिएको छ। गत आर्थिक वर्षको यही अवधिमा १ करोड ३ लाख रुपैयाँको तास भित्रिएको थियो। सो अवधिमा ६ लाख ७८ हजार पिस तास भित्रिएको थियो।



## हार्दिक शुभकामना



२०८० साल हिन्दुहरुको महान चाँड पर्व वडा दशैंको शुभअवसरमा देश विदेशमा रहेका सर्म्पूण नेपाली दाजु भाई ,दिदी-बहिनीहरु तथा शुभेच्छुकहरुको सुख शान्ति, समृद्धि, सु-स्वास्थ्य लाभ एवं दिर्घायु तथा उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।



**प्रभाकर प्रसाद साह** — उपसभापति एवं **तारा चन्द्र प्रसाद साह** — सभापति

**श्री धर्म संस्था (रामस्वरूप साह , रामसागर साह)**

मिल्स एरिया जनकपुरधाम-१ परिवार



## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु । |
| बृष | : धन बृद्धि सञ्चय । |
| मिथून | : नयाँ कार्य हुने । |
| कर्कट | : सुख समृद्धि हुने । |
| सिंह | : प्रेम प्रसंग, मित्र सुख । |
| कन्या | : अवसर प्राप्त । |
| तुला | : प्रतिभा सम्पन्नता । |
| वृश्चिक | : पारिवाहिक सुख । |
| धनु | : शिक्षामा उन्नति । |
| मकर | : पुरस्कार प्राप्त लाभ । |
| कुम्भ | : भ्रमण अवसर हुने । |
| मीन | : बौद्धिक क्षमता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# वडा दशै अन्तर्गत सप्तमीका अवसरमा मधेश प्रदेश सहित देशभरका विभिन्न शक्तिपीठहरुमा श्रद्धालुहरुद्वारा पूजाआजा गरिदै ।



मधेश प्रदेश सरकारका श्रम तथा यातायातमन्त्री चन्दनकुमार सिंहले शनिबार जनकपुरधामका शक्तिपिठ माता राजदेवीमा पूजापाठ गर्दै ।



महोत्तरी जिल्लाको मटिहानीमा माँ दुर्गा भवानीको माटाले बनाएको कलात्मक मूर्ति ।



दमक युथ क्लबले दसैँका अवसरमा स्थापना गरेको दुर्गा पूजामा शनिबार मूर्ति अनावरणपछि पूजा गर्दै धर्मावलम्बीहरु ।




सुनसरीको इनरुवा-९ स्थित भगवती मन्दिरमा बडादसैँको सप्तमी दिन शनिबार फूलपाती भित्र्याइँदै ।



सप्तरीको राजविराजमा भगवती मन्दिरबाट फूलपाती भित्र्याउँदै नेपाली सेना ।




नवरात्रको सातौँ दिन अर्थात फूलपातीका दिन काठमाडौँको मैतीदेवी मन्दिरमा पूजा आराधना गर्न लामबद्ध भएका भक्तजन ।



सप्तरीको कंकालनी भगवतीको पूजापाठ गर्दै पूजारी ।



बेलनौती गर्न पुगेका पुरोहित सँगै श्रद्धालुहरु ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# शुभकामना

हिन्दूहरुको महान चाड बडा दशैंको महाष्टमी आइतबार रहेको छ । एक प्रकारले दशैं उत्कर्षमा पुगेको छ । महाष्टमी, नवमी र दशमी तीन दिन वडा दशैंको प्रमुख उत्सव मनाइन्छ । हुन त दशमीमा हरेक दिन सिद्ध भगवतीको विभिन्न अवतारको पूजा गरिन्छ । सबैको विशिष्ट महत्व पनि छ । बडा दशैंमा विगत वर्षहरुको भन्दा मन्दिरमा भीडभाड बढेको बताइन्छ । तर पसलहरुमा ग्राहकको अपेक्षित उपस्थिति देखिएको छैन् । तराई/मधेशमा दीपावली र छठ पर्वमा किनमेल बढी हुने गरेको छ । दशैंमा यस वर्ष विगतको तुलनामा व्यवसायिक कारोबार कम भएको छ । देश नै अघोषित आर्थिक मन्दीमा छ । सरकारले देशमा तरलताको अभाव नरहेको दाबी गरे पनि बजारमा त्यसको कुनै असर परेको देखिदैन् । बजारमा विगतको तुलनामा आर्थिक कारोबार निकै कम भएको व्यवसायीहरु बताउँछन् । सीमावर्ती भारतीय बजारमा नेपाली उपभोक्ताहरुको केही भीड बढेको देखिन्छ । तर त्यो भीड नेपाली बजारको भन्दा उपभोग्य वस्तुको मूल्य सस्तो नै हो । जनकपुरधाम-जयनगर रेल सेवा सञ्चालन भएपछि जनकपुरधामको बजारमा सकारात्मक प्रभाव परेको छैन् । रेलबाट यात्रुहरु ओहोरदोहर गरे पनि कारोबार गर्न नेपालीहरु जयनगरलाई रुचाएको देखिन्छ । रेलमा मालबाहक बोगी नरहेको कारण उद्योगी, व्यवसायीहरुलाई रेलबाट व्यवसायिक उपलब्धि छैन् । तर यहाँका उपभोक्ताहरुले जयनगरका व्यवसायीहरुको मुहार हँसिलो भएको छ । रेल सञ्चालन नहुँदा मर्कामा रहेका जयनगरका व्यवसायीहरुलाई रेलले बजारलाई 'गुलजार' बनाएको छ । विगतको जस्तो तराई/मधेशका बासिन्दाहरु दशे मनाउन अनिवार्य रुपमा घर फर्किने प्रवृत्तिमा परिवर्तन भएको छ ।पहाडी जिल्लाहरुमा रहेका मधेशी अथवा काठमाण्डुमा रहेका मधेशीहरु दशैं तिहारमा पनि घर आउन कम गरेका छन् ।उनीहरु रहेकै स्थानमा छठ पर्व मनाउने गरेका छन् ।विगतको जस्तो काठमाण्डु पनि दशैमा सुनसान हुने गरेको छैन् ।काठमाण्डुबाट केही लाख मानिस बाहिरिए पनि त्यसले विगतको जस्तो सुनसान हुने अवस्था देखिदैन् ।दशैंमा तराई/मधेशका बासिन्दाहरुले पूजापाठमा धेरै समय बिताउँछन् ।विभिन्न शक्तिपीठहरुको दर्शन पूजा गरेर दशैं मनाउने चलन तराईमा बढेको छ ।दशैंमा मद्यमांसको खपत पनि निकै कम हुन थालेको छ ।मध्यम वर्गलाई यस पटक दशैं आएकोमा धेरै उत्साह देखिदैन ।सरकारले सामाजिक रुपमा हुने लेनदेनलाई अनुचित(मिटरब्याजी) घोषणा गरेर गैरकानुनी ठहर गरेपछि बजारमा आर्थिक गतिविधिमा नकारात्मक प्रभाव परेको तर्क पनि छ ।तर समग्रमा दशैले अपेक्षा अनुसार व्यवसायीहरुको अवस्थामा सुधार ल्याउन सकेन । माता दुर्गा भवानीले आगामी दिनलाई सुखद बनाओस् भने हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

# दुर्गा पूजाको आठौं दिन महागौरीको पूजा

*श्वेते वृषे समारूढा श्वेताम्बरधरा शुचिः ।*
*महागौरी शुभं दद्यान्महादेवप्रमोदया ॥*

नवरात्रि अर्थात वडा दशैंमा दुर्गा पूजा को अवसरमा बहुत विधि-विधान पूर्वक माता दुर्गा को नौ स्वरुपको पूजा-उपासना गरिन्छ ।त्यस मध्ये आठौ दिन देवी महागौरीको पूजा हुन्छ ।कालरात्री पुजापछि माता महागौरीको पुजा गरिन्छ ।कालरात्रीमा माता दुर्गाको अत्यन्त विकराल स्वरुपको पुजा हुन्छ ।विभिन्न स्थान अनुसार कालरात्रीको पुजा विधि फरक फरक किसिमको हुन्छ ।कालरात्रीको पूजामा कतिपय स्थानमा जीवको बलि प्रदान गरिन्छ ।

आठौ दिन शान्त स्वरुपमा देखिने माता गौरीको पूजा गरिन्छ ।ममतामयी गौरीको पूजाबाट साधकहरु अलौकिक सिद्धि प्राप्त गर्छन् ।माता गौर अमोघ फलदायनी हुन् ।

भक्तको सबै प्रकारको क्लेष पखालिन्छ ।पूर्वको संचित पापपनि नष्ट हुन्छ ।उहाँको पूजा अर्चना, उपासना-अराधना अत्यन्त कल्याणकारी छ ।उहाँको कृपाले आलौकि सिद्धिको प्राप्ति हुन्छ । वडा दशैंको आठौ दिन महागौरी शक्तिको पूजा गरिन्छ ।नामले नै प्रष्ट हुन्छ की उहाँ पूर्णत :गौर वर्णको हुनुहुन्छ ।



उहाँको उपमा शंक, चन्द्र र कुंदको फूलले दिएको छ ।अष्टवर्षा भवेद् गौरी अर्थात उहाँको आयु आठ वर्षको मानिएको छ ।उहाँले धारण गर्नु भएको वस्त्र र सबै आभूषणहरुपनि स्वेत रंगको छ ।त्यसकारण उहाँलाई श्वेताम्बरधारा भनिएको छ ।उहाँको ४ वटा हात र वाहन वृषभ रहेको छ ।उहाँको वाहन वृषभ रहेकाले उहाँलाई बृषारुढापनि भनिएको छ ।

उहाँको माथिल्लो दाहिने हात अभय मुद्रामा र तलको हात त्रिशुल धारण गरेको छ ।माथिल्लो बायाँ हातमा डमरु र तलको हातमा वर मुद्रा रहेको छ ।

माता गौरीको स्वरुप अत्यन्त शान्त छ । भगवान शिवलाई पतिको रुपमा प्राप्त गर्न माता महागौरीले कठोर तपस्या गर्नु भो ।लामो समय कठिन तपस्याको कारण उहाँको रंग कालो भई हाल्यो ।माता महागौरीलाई भगवान शिवको प्राप्तिका लागि हजारौ वर्ष तप गर्नु पऱ्यो ।अन्ततःमाता महागौरीको तप सफल भयो ।भगवान भोलेनाथ प्रसन्न भै तपस्याबाट कालो र कमजोर भईसकेको महागौरीको शरिरलाई पवित्र गंगाजलले पखालेर कान्तिमय बनाई दिनु भयो ।उहाँको शरिर गौर वर्णको भयो ।त्यसकारण उहाँ महागौरीको नामले सुविख्यात हुनु भयो ।

माता महागौरीले कठोर तपस्या गरी भगवान शिवलाई वरको रुपमा पाउनु भयो ।उहाँको कठिन तपस्याले भगवान शंकर प्रसन्न हुनु भयो ।माताको त्यो गोरो स्वरुपको वडा दशैंमा आठौ दिन पूजा गरिन्छ ।उहाँ जगत कल्याणी र साधकको साधनबाट प्रसन्न भै मनोवाञ्छित फल प्रदान गर्ने जगत माता हुनुहुन्छ । माता महागौरीको नामको विषयमा कयौं कथाहरु छन् ।देवी पार्वतीको रूपमा महागौरीले भगवान शिवलाई पतिको रुपमा प्राप्त गर्न कठोर तपस्या गर्नु भयो ।

भगवान भोलेनाथको कुनै वचनबाट माता पार्वतीको मनमा ठूलो चोट लाग्यो ।उहाँ सो वचनले आहत हुनु भयो ।त्यसपछि उहाँ कठोर तपस्यामा लीन हुनुभयो ।

एवं प्रकार वर्षौ सम्म कठोर तपस्यामा लीन भएपछि माता पार्वती कैलाशमा जानु भएन् ।माता पार्वती कैलाशमा नदेखिएपछि भगवान भोलेनाथ उहाँको खोज गर्न निस्कनु भयो ।

भगवान भोलेनाथ माता पार्वती तपस्यामा रहेको स्थानमा पुगेपछि उहाँ ठूलो आश्चर्यमा पर्नु भयो ।माता पार्वतीको रंग अत्यन्त ओजपूर्ण थियो ।उहाँको अनुहार चाँदको जस्तो श्वेत रंगको चम्किलो र कुंद फूल जस्तो सुन्दर थियो ।उहाँको श्वेत रंगको वस्त्र र आभूषणबाट प्रसन्न भै भगवान शिव गौर वर्णको वरदान दिनुभयो ।त्यस बेलादेखि नै उहाँ महागौरीको नामले विख्यात हुनुभयो ।

# चँगेज खान एक हमलावर शासक



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

धार्मिक एवम् जातीय सङ्घर्ष पटक पटक भएको छ । साम्राज्यवाद र विश्व विजयी बन्ने सपना बोक्ने शासकहरुले शक्तिको उन्मादमा विश्वमा पटक पटक नरसंहार गरेको इतिहास छ । इसापूर्वदेखि लिएर दोश्रो विश्वयुद्धको कालखण्डको अवधिमा दर्जनौं युद्ध भयो । करौंडो मानिसलाई ज्यान गुमाउनु पर्‍यो र करौंडो मानिसलाई घरजग्गा छोडेर भाग्नु परयो ।

विश्वमा अनगिनत क्रुर शासकहरुमा अग्रपक्तिमा चँगेज खानको नाम आउँछ । दोश्रो विश्वयुद्धको अवधिमा हिटलरले ४० लाख यहुदीको हत्या गरेको थियो । द्वितीय विश्वयुद्धमा एघारह करोड मानिसको मृत्यु भएको अनुमान गरिएको छ । युद्धका साथै रोग र भोकको कारण तीन करोडभन्दा बढीको मृत्यु भएको थियो । युनानका युवा शासक सिकन्दरले पनि लाखौं मानिसको हत्या गरेका थिए । सिकन्दर एक ठूलो विध्वंशकारी आक्रामक रुपमा प्रस्तुत भएको थियो । ३२ बर्ष कै उमेर मृत्यु भएपछि शान्ति छाएको थियो । तैमूर लंग, सम्राट अशोक र बाबरलाई ठूलो आक्रामक रुपमा चिनिन्छ । युगान्डाका राष्ट्रपति इदि अमिनले आफ्ना विरोधीहरुको नरसंहार नै गरेको थियो र उनी मानिसको मासुपनि खान्थे ।

तेह्रो शताब्दीमा चङ्गेज खानले आफ्नी श्रीमतीको अपहरणबाट फिर्ता ल्याउनका लागि लडाइ गर्नु परेको थियो । त्यो लडाइपछि उनलाई युद्ध लड्ने बानी नै लाग्यो । आफ्ना दुश्मनहरुलाई परास्त गर्दै गएपछि उनलाई विश्व विजेता चाहना जागृत भयो । धेरै ठूलो रक्तपात गर्दै चँगेजले खानले विश्वको २२ प्रतिशत भूमिमाथि आधिपत्य कायम गरेको थियो । त्यति भूमिमाथि आधिपत्य जमाउनका लागि चार करोडभन्दा बढी मानिसको हत्या गरेको थियो । इरानमा उनले रगतको खोलो नै बगाएको थियो । मुश्किलले ५० हजार मानिस बाँचेको थियो । इरानमा जति मान्छेको हत्या भएको थियो । त्यति मानिसको सङ्ख्या पूर्ति गर्नमा इरानलाई साढे सातसय बर्ष लाग्यो । बुद्धधर्मको अनुयायी एवम् शाकाहारी चँगेज खानले तरवारको बलमा विशाल मङ्गोल राज्यको स्थापना गरेको थियो । उनी घोडामा चढेर युद्ध गर्दथे । उनको सेन्यवलको ठूलो शक्तिको रुपमा घोडा थियो ।

चँगेज खानको जन्म सन् ११६२ मा भएको थियो । यसको बाल्यकालको नाम तेजुमिन थियो । मङ्गोल इतिहासको सवैभन्दा बढी अधिकारिक पुस्तक 'अ सीक्रेट ऑफ मङ्गोल'मा टेन्टमा बस्ने सवै कबिलाका जनजातिहरु एक शक्तिशाली सरदार चँगेजको छत्रछायामा एकत्रित भएको थियो । सन् १२०६मा सरदार बनेपछि चँगेज खान मङ्गोल राज्यको सीमाना विस्तार गर्नका लागि विधिवत रुपमा युद्ध शुरु गरेको थियो । सन् १२२७ सम्म उनको अभियान निरन्तर रुपमा जारी रह्यो । सोही बर्ष ओनौंन नदीको किनारमा सेतो झण्डामुनी उनीहरुले चङ्गेजलाई कैगनको पदबाट सम्मानित गर्‍यो । कालान्तरमा कैगन शब्द अपभ्रंश हुँदै खानको रुपमा परिणत भयो । सन् १२१५मा उनले 'किन' समुदायको मध्यवर्ती राजधानी चुङ्तु राज्यमाथि कब्जा गरी ह्वाङ्ग नदीको उत्तरतर्फको विशाल क्षेत्रमाथि अधिकार ग्रहण गर्‍यो ।

भारतको पश्चिमी क्षेत्र अफगानिस्तान, बलोचिस्तान, पश्चिमी एशियाका साथै चीनको सिंजियाङ्ग स्वायत्त क्षेत्र, रुसको अधिकांस भागका साथै इरान, उज्वेकिस्तानलगायत सो क्षेत्रका देशहरुमा चँगेजले कब्जामा लिएपछि माथि मङ्गोलियनको शासन शुरु भएको थियो । उइगुर खानत, ईरानी बलोचिस्तानको खाङ्नत कविलाको गणराज्य थियो । विश्वको इतिहासमा १३ औं शताब्दी सवैभन्दा बढी रगत बगेको थियो । मङ्गोलको आतङ्कबाट चीन, रुस, इरान र पौंलेण्डमा धेरै ठूलो क्षति पुगेको थियो ।

चङ्गेज खानले आफ्नो पिताको हत्याको प्रतिशोधमा अर्को कबिलामाथि आक्रमण गर्‍यो । कतिपय इतिहासकारले उनको पत्नीको अपहरणपछि चँगेज खानले लडेर पत्नीलाई मुक्त गराउनमा सफल भयो । त्यसपछि, उनले युद्धतर्फ आकर्षित भएका थिए । यसका लागि विभिन्न कबिलालाई एकत्रित गरी आक्रमण गरेको थियो ।

चङ्गेजको राज्य विस्तारको सन्दर्भमा जवाहरलाल नेहरुले 'ग्लिंप्सेज ऑफ वर्ल्ड हिस्ट्री'मा लेखेका छन् "भाग्यवश ! चङ्गेजको आतङ्कबाट हिन्दुस्तान बच्यो । चङ्गेजको आक्रमण युरेशियावासी समक्ष कुनै प्राकृतिक विपदीजस्तै ज्वालामुखी फुट्नु वा कुनै भुकम्प आएको जस्तै चङ्गेजको आक्रमणको विरुद्धमा कसैले केही गर्न सक्दैन्थ्यो । चङ्गेजले घोडामा बसेर एशिया र युरोपको अधिकांस भागमा लुटपाट मच्चाइरहेको थियो । शुरु शुरुमा चङ्गेजले चीनको साम्राज्यलाई खत्म गर्‍यो । त्यसपछि, कोरियामाति जित हात पार्‍यो । दक्षिणमा सुंग साम्राज्य, जसले यिनलाई सहयोग गरेको थियो । त्यसलाई पनि तहसनहस गरिदियो । तिब्बतको तन्गुतोलाई परास्त गरेको थियो ।

मङ्गोल साम्राज्यको विस्तारमा प्रभावशाली भूमिका निर्वाह गर्ने चङ्गेज खानले अप्रत्यासित रुपमा फैसला लिन्थ्यो । उनको नजरमा नातेदारको कुनै खासै महत्व हुँदैन्थ्यो । चङ्गेज खानले एकपटक शक्तिशाली हमला गरेर मात्र एक घण्टामा १७ लाख ४८ हजार मानिसको हत्या गरेको थियो । खानको यस नरसंहारको खवरले विश्वमैं आतङ्क छाएको थियो । अपवादमा कुनै जनावरलाई मारेको होला ? तर, आफ्ना दुश्मनलाई मार्नमा अलिकतिपनि हिच्चकिचाउँदैन्थ्यो । कुनै देशलाई कब्जामा लिएपछि सवैलाई मार्ने आदेश दिने गर्दथ्यो ।

उनी कतिसम्म निर्दयी थिए भने यात्रा गर्ने बाटोमा सर्वसाधारणको हत्याका साथै उनका सेनाले कुकुर र बिरालोलाई पनि छोड्दैनथ्यो । उनको यस्तो निर्दयता देखेर पश्चिम एशियाका अधिकांस राजाहरुले आत्मसमर्पन गरेको थियो । उनले राज्यलाई अधिनमा लिएपछि महिलासँग अनैतिक सम्बन्ध राख्दथ्यो । यहाँसम्म उनको बारेको कहाँसम्म भनिन्छ कि चँगेजले यतिखेर, कसैको हत्या गरिरहेको छैन भनेको मतलव सो समयमा उनले कुनै महिलाको इज्जत लुट्दै होला ।

उज्वेकिस्तानमा लामो समयसम्म बसाइ गरेको थियो । उतिखेर, कतिपय महिलाहरुसँग अनैतिक सम्बन्ध राखेको थियो । अहिले सो क्षेत्रका साथै चँगेजले आधिपत्य गरी लामो बसाइ गरेका ठाउँको डिएनए परीक्षण गर्दा एक करोड ६० लाख मानिसमा एउटै डिएनए फेलापरेको छ । तर, केही इतिहासकारले चँगेजको एक चरित्रहीन शासक नरहेको दावीपनि गर्छन् । भारतमा पन्द्रहौं शताब्दीमा बाबरले आक्रमण गरी मुगल शासन कायम गरेको थियो । यी मुगल अर्थात मङ्गोल वंशीय अर्थात आफूलाई आमापट्किो तर्फबाट चँगेज खानको वंशज ठान्छन् ।

जव तेमुजिन नौं बर्षको थियो । त्यो तेजुमिनको विवाह हुने परिवारसँग भेटघाट गर्न लग्यो । फर्कने बेलामा तेमुजिनको बुवाका प्रतिद्वन्द्वी टटार जनजातिका विद्रोहीहरुले उनको खाना विष मिलाएर हत्या गर्‍यो । आफ्नो बुवाको मृत्युपछि तेमुजिन आफ्नो कबिलाको प्रमुख सरदार बन्यो । भर्खर,को बालकलाई कबिलाको प्रमुख बनाएको भनेर युवाहरुले विरोध गरेको थियो । आफ्नै भाइहरुले उनलाई कबिलाबाट बाहिर गरिदिएको थियो । धेरै दवावमा आएपछि तेमुजिनले आफ्नो अर्को आमाको सन्तान रहेको सो भाइको हत्या गऱ्यो । १६ बर्षको उमेरमा तेमुजिनले बोर्टे नामक महिलासँग विवाह गरेको थियो । केही महिनापछि उनको अपहरण भयो । अपहरणकारीबाट मुक्त गराउनका लागि युद्ध नै गर्नुपरेको थियो । उनी सफल भएका थिए ।

१२०६मा तेमुजिनले जमूका र नैमन कबिलाका मानिसहरुलाई परास्त गरेपछि स्टेपी क्षेत्रमा उनको प्रभाव बढ्दै गयो । उनको प्रभुत्व देखेर मङ्गोल कबिलाका सरदारहरुको एकसभाले चँगेज खानलाई समुद्री खानको उपाधि दिएर महानायक घोषित गऱ्यो । कबिलाहरुसँग सो मान्यता प्राप्त गरेको समयमा उनको पहिलो इच्छा चीनमाथि विजय गर्नु थियो । त्यो बेलामा चीन तीन भागमा विभक्त थियो । उत्तर पश्चिमी प्रान्त तिब्बती मूलको सी-लिया लोग,जरचेनका समुदायका का राजवंशले हिलेको आधुनिक विजिङ्गमा शासन गर्दै थियो । दक्षिण चीनमा शुँग राजवंशको शासन थियो । १२०९मा सी-लिया समुदायका मानिसहरुलाई परास्त गरेपछि सन् १२१३मा चीनको महान पर्खालसँग जोडिएको बिजिङ्गमाथि आक्रमण गरेर ठूलो लुटपाट मच्चाएको थियो । चीनी राजवंशको विरुद्ध लामो युद्ध चल्यो । सन् १२३४मा सैन्य अभियानको प्रगति देखेर चँगेज खानले उनीहरुको जिम्मामा छोडेर आफ्नो देश मङ्गोलिया फर्केको थियोसन् १२१९देखि २१को अवधिमा विशाल राज्यमा ओट्रार, बुखारा, समरकंद, बल्ख, गुरगञ्ज, मर्व, निशापुर र हेरातको राजाले मङ्गोलका सेनासमक्ष आत्मसमर्पन गर्‍यो । जुन राजाले प्रतिशोध गर्‍यो, त्यस राज्यमा रगतको खोला बगेको थियो । चँगेज खानको आतङ्कले विश्व थर्कमान थियो । चँगेज खानले अफगानिस्तानका गजनी र पेशावरमाथि अधिकार कायम गरेपछि ख्वारिज्म वंशका शासक अलाउद्दीन मुहम्मदलाई केस्पियन सागरतर्फ भाग्न विवश पार्‍यो । केही बर्ष त्यहाँ बसाइ गरी पुनः मङ्गोल फर्कनका लागि चँगेजले उत्तरी भारत र असमको बाटो भएर जाने निर्णय गर्‍यो । तर, असहय गर्मी, प्राकृतिक आवासको कठिनाई र उनका हितेषिद्वारा अशुभ सङ्केतको बारेमा जानकारी गराएपछि उनले जलालुद्दीन मंगवर्नीविरुद्ध एक सैनिक टुकडी छोडेर मङ्गोल फर्केको थियो । भारत भएर नआउने भएपछि सम्भावित खतरा टरेको थियो । अधिकांस जीवन भागदौड र युद्धमा विताएका उनको १२२७ मा मृत्यु भएको थियो । मङ्गोलको क्रुर आक्रमणकारी चँगेज खान इतिहासकै सवैभन्दा ठूलो हमलावर थियो । एक नयाँ अनुसन्धानअनुसार, आतङ्कारी मङ्गोलियनहरुले यस किसिमको लुटपाट र हत्या गरेको थियो कि चीन, बर्मा, अफगानिस्तान, उज्बेकिस्तान, इरानलगायत देशको ठूलो आवादीको सफाया भएको थियो । उनले लुटपाट गरेर सुन र चाँदीको पैसा, गरगहना, हिरामोतीहरु खच्चरमाथि बोकेर लग्ने गर्दथ्यो । १२२७ मा चङ्गेज खानले पश्चिमी श्या शासनलाई खत्म गर्‍यो । पश्चिमी श्यासँग युद्धपछि चङ्गेज विरामी पर्‍यो । ल्यूफान पर्वतमा उनको ६५ बर्षको उमेर मृत्यु भयो । उनको मृत्युपछि विश्वले राहतको अनुभूति गर्‍यो । चँगेज खानले करौंडो मानिसको हत्यापछि अधिकांस बस्ती भएका ठाउ जङ्गलमा परिणत भएको थियो । 'इतिश्री '!

# नेपालीको खोसी खोलाजति भारतलाई



विकास थापा

अहिले संसदमा दर्ता भएको विद्युत् विधेयक, २०८० केपी ओलीकै पालामा बनेको हो । २०७८ सालमा तत्कालीन ऊर्जा मन्त्री वर्षमान पुनले मस्यौदा गरेको विधेयकमा पनि नेपाल विद्युत् प्राधिकरणलाई सिध्याउने, निजी क्षेत्रलाई आउन नदिने र विदेशीलाई प्रतिस्पर्धा गर्नु नपर्ने प्रावधान राखिएका थिए, जुन संसदबाट पारित हुन सकेन । अहिले त्यही मस्यौदालाई अझ बढी भारतमुखी बनाई संसदमा दर्ता गरिएको छ ।

यो विधेयकको मुख्यतयाः चारटा ध्येय देखिन्छ । पहिलो, नेपाली निजी क्षेत्रले अघि बढाइरहेका आयोजना रद्द गराई खोला खाली गराउने । दोस्रो, त्यसरी खालि भएको खोला विधेयकको दफा ५ (ङ) र दफा ५७ बमोजिम भारतलाई अर्पण गर्ने । तेस्रो, प्राधिकरणलाई खारेज गरी नयाँ नयाँ कम्पनी खोल्ने, चौथो विद्युत् क्षेत्रमा अराजकता उत्पन्न गराउने ।

प्रस्तावित विधेयकको दफा ५ ले प्रतिस्पर्धा गराउनुपर्ने भनेको छ । लाइसेन्स लिन, विद्युत् खरिद सम्झौता (पीपीए) गर्न र विद्युत् व्यापार गर्न, प्रसारण गर्न प्रतिस्पर्धा गराउने भनिएको छ । ग्राहक सेवाको विकास र सञ्चालन समेत प्रतिस्पर्धा गराउने भनेर हाल विद्युत् प्राधिकरणले आफ्ना ग्राहकहरूलाई दिँदै आएको सेवा पनि प्रतिस्पर्धा गराउने भनिएको छ, जसको कुनै अर्थ नै छैन ।

ऐनले निजी क्षेत्रले लिएका लाइसेन्स ठाडै खारेज गर्ने बन्दोबस्ती पनि गरेको छ । सर्वेक्षण अनुमतिको अवधिभत्रि विद्युत् उत्पादनको अनुमतिका लागि निवेदन दिएका तर त्यस्तो निवेदनसाथ पेश गर्नुपर्ने आयोजनाको अध्ययन प्रतिवेदन, वातावरणीय अध्ययन प्रतिवेदन, आयोजना सञ्चालन विधि, वित्तीय व्यवस्थापनसम्बन्धी कागजात लगायत आवश्यक विवरण तोकिएको समयभित्र पेस गर्न नसकेका आयोजनाको हकमा सर्वेक्षण अनुमति पत्र खारेज गरिने भनिएको छ । यसरी खारेजीमा परेका आयोजनाहरू दफा ५(१) बमोजिम प्रतिस्पर्धा गराउने भनिएको छ । निजी क्षेत्रले खारेजीमा परेका आफ्नै आयोजना पुनः अघि बढाउन चाहेमा प्रतिस्पर्धा गर्नुपर्नेछ । प्रतिस्पर्धा गर्दा सरकारलाई निःशुल्क शेयर, निःशुल्क ऊर्जा र सबैभन्दा धेरै एकमुष्ठ रकम (अप फ्रन्ट) बुझाउनेले पाउनेछ । जसरी सुनकोसी हाइड्रोपावरको लाइसेन्स सरकारले खारेज गरेर सोही कम्पनीलाई तल्लो इन्द्रावती ६७ करोड रुपैयाँमा बेचेको थियो, अब खारेजीमा पर्ने आयोजनाका हालत त्यही हुनेछ ।

यस्तो प्रतिस्पर्धाले विद्युत् आयोजनामा अनेक विकृति भित्रिनेछन् । अहिले नै सडक लगायतका ठेक्का के प्रतिस्पर्धा नगरी दिइएको हो र ? ठेकेदारहरूको कत्रो सिण्डिकेट छ । यिनीहरूले प्रधानमन्त्री र उनका पत्नीहरूलाई समेत 'प्रभावित तुल्याई' पटक-पटक सार्वजनिक खरिद नियमावली आफू अनुकूल संशोधन गराएकै हो । अनि चार, पाँचवटा ठेक्का तिनै चार, पाँचजना ठेकेदारभन्दा अरुले गर्न नपाउने गरी नियम बनाउँदा नाम मात्रको प्रतिस्पर्धा हुन पुगेका छन् । विद्युतमा पनि व्यवसायीबीच मिलेमतो गरेर मात्र ठेक्का हाल्ने, सिण्डिकेट नगर्दा फाइदा नै नहुने भएकाले यो ऐनको मस्यौदारले सोचेको भन्दा ठीक उल्टो हुनेछ । ती मस्यौदाकारलाई राम्रोसँग के थाहा छ भने यस्तो प्रतिस्पर्धाको बन्दोबस्तीले नेपालीहरू आउनै सक्दैनन् र खोला खालि हुनेछ । कदाचित नेपाली लगानीकर्ता आए भने मिलेर वा सिण्डिकेट नगरी ठेक्का हाल्नै सक्दैनन् ।

त्यही खालि खोलामा भारत वा उसले चिनो लगाएका कम्पनीहरूले रजाई गर्नेछन् । ऐनको उद्देश्य पनि त्यही हो । किनभने भारतीयहरूले २१.९ प्रतिशत निःशुल्क ऊर्जा दिएर पनि धमाधम आयोजना बनाइरहेका छन् । तर नेपाली व्यवसायीले सरकारलाई यसरी निःशुल्क ऊर्जा दिँदैन सक्दैनन् । प्रस्तावित ऐनमा स्वदेशी लगानीकर्ताले २ प्रतिशतसम्म कमको आर्थिक कबोल गरे पनि दिने भनिएको छ । सरकारलाई निःशुल्क ऊर्जा वा शेयर वा अप फ्रन्ट लागत तिरेर कसैले लाइसेन्स लिएर पीपीए गर्दा पनि उही प्रतिस्पर्धाको प्रावधान छ । दोहोरो प्रतिस्पर्धाका कारण लगानीकर्ताले कति नै 'अफर' गर्न सक्ला र ? अर्थात् दोहोरो प्रतिस्पर्धा गराउनु भनेको तिमीहरू (स्वदेशी लगानीकर्ता) नआउनू भनेको हो ।

समय तोकेर लाइसेन्स छिनालिदिने । सरकारले गर्नुपर्ने कामचाहिं नहेरी दिने । वनले वर्षौं लगाइदिन्छ । प्रसारण कम्पनीले प्रसारण लाइन बनाउन वर्षौं लगाइदिन्छ । सरकारका मन्त्रीहरू नै पीपीएमा रोक लगाउँछन् । अनि 'तैंले गर्न सकिनस्' भन्दै लाइसेन्स खारेज गर्न कति उचित हो ? कति प्राकृतिक न्यायको सिद्धान्तसित मेल खान्छ ? कसरी हुन्द्ध प्रवर्द्धकहरूको घाँटी अठ्याउने भन्ने चिन्तनमा मात्र सरकारी निकाय डुबेका छन् । अनि लिइसकेका लाइसेन्स प्रस्तावित विद्युत् ऐनको दफा ५ (३) (क) लगाएर खारेज गरिदिने । यसरी खारेज भइसकेपछि ती खोलाजति सबै खालि हुनेछन् । अनि दफा ५७ लगाएर ती खालि गराइएका आयोजनाका लाइसेन्स बिना प्रतिस्पर्धा भारतीय कम्पनीहरूलाई दिने । दफा ५, ६ को मुख्य ध्येय खोला खालि गराउने र भारतीयलाई दिने गरी बनाइएको छ । भारतीय वा विदेशी कम्पनीलाई सोझै दिन सकिने, यसैमा छ करोडौं अर्बौं रुपैयाँको कमीसनको खेल । कमीसनको लोभका कारण देशका रणनीतिक, भूराजनीतिक महत्व जोडिएका आयोजना पनि बेचिनेछन् । जसरी अहिले पश्चिम सेती, फुकोट कर्णाली, अरुण-४, तल्लो अरुण भारतीयलाई बेचियो ।

हालसम्म नेपालका निजी क्षेत्रले ६ सय ३७ वटा आयोजनाका कुल ३१ हजार ३ सय ९१ मेगावाटका जलविद्युत् आयोजनाहरू पहिचान गरेका छन् । करिब १२ हजार मेगावाटको पीपीएका लागि प्रवर्द्धकहरूले निवेदन दिएर बसेका छन् । अब यो ऐन संसदबाट पारित भएको ३१ औं दिनपछि लागू हुने भनिएको छ । के यति धेरै आयोजनाको पीपीए अब प्राधिकरणले ती आयोजनाको लाइसेन्समा उल्लिखित समयावधिभित्र गर्छ ? पक्कै गर्न सक्दैन । नसकेपछि दफा ५ (३) (क) अनुसार खारेजीमा पर्नेछन् । अनि पुनः प्रतिस्पर्धा गरेर लिन नेपाली प्रवर्द्धकहरूले सक्दैन । नसकेपछि खोला खालि हुन्छ । खालि भएपछि ती भारतीय कम्पनीको पोल्टामा पुग्छ । यही पुऱ्याउन प्रस्तावित ऐन दर्ता गरिएको हो ।

भारतमा ऊर्जाको हाहाकार छ । अझ मौसम परिवर्तन र कोइलाको भाउ वृद्धिका कारण उसले तापीय ऊर्जालाई विस्थापित नगरी सुखै छैन । ऊसँग भएका सम्भावित सबै जलविद्युत् आयोजना बनाउँदा पनि पुग्दैन । भारतमा एक लाख ५० हजार मेगावाट जलविद्युत् आयोजना निर्माण हुन सक्ने सम्भावना छ । हाल करिब ४५ हजार मेगावाट बनिसकेको छ । उसको चार लाख मेगावाटको जडित क्षमतामा ६५ प्रतिशत तापीय ऊर्जाको हिस्सा छ । त्यही भएर उसले अनिवार्य रुपमा जलविद्युत् खरिद नीति (एचपीओ) लागू गरिसकेको छ । नेपालसँग भएका अलिकति जगेडा बिजुली नलिएर, नेपाललाई थकाएर, गलित तुल्याएर र विभिन्न नखरा गरेर अलि अलि गर्दै लिइरहेको छ । १० वर्षमा १० हजार मेगावाट खरिद गर्ने नीति पारित गरेको छ । आगामी दिनमा १० हजार मेगावाटभन्दा धेरै हजार मेगावाट लैजाने तयारीमा छ । भारतको यो तयारी र रणनीतिअन्तर्गत नेपालका कर्मचारी र मन्त्रीहरूले यो विद्युत् विधेयक बनाएका हुन् ।



राष्ट्रपति रामचन्द्र पौडले बडादसैँको सातौँ दिन शनिबार टुँडिखेलमा नेपाली सेनाद्वारा आयोजित फूलपातीको बढाइँ कार्यक्रमका अवसरमा नेपाली सेनाको एक टुकडी दिएको सलामी ग्रहण गर्नुहुँदै । *तस्बिर : रासस*

# राष्ट्रपतिद्वारा बडादसैँको शुभकामना

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले बडादसैँले सबैखाले विकृति, विसङ्गति अन्त्य गर्दै सामाजिक सद्भाव, एकता, मेलमिलाप र भ्रातृत्वको अभिवृद्धि गर्न सबैलाई प्रेरित गर्ने विश्वास व्यक्त गर्नुभएको छ ।

बडादसैँको उपलक्ष्यमा दिनुभएको शुभकामना सन्देशमा उहाँले यस पर्वले सबै नेपालीलाई आ-आफ्नो क्षेत्रबाट न्याय र समानतासहितको आर्थिक समृद्धि प्राप्त गर्ने सामर्थ्य प्रदान गरोस् भनी कामना गर्नुभएको छ । उहाँले भन्नुभएको छ, "यो पर्व सत्यको विजय र असुरी चरित्रको पराजय, दुराचारमाथि सदाचारको जीत, आपसी सद्भाव, भ्रातृत्व र पुनर्मिलनको प्रतीक पनि हो ।"

राष्ट्रपति पौडेलले मुलुकमा परम्परागतरूपमा हर्षोल्लासपूर्वक मनाउने गरिएका यस्ता चाडपर्वले भौगोलिक, सांस्कृतिक र भाषिक विविधताबीच रहेको हाम्रो मौलिकतालाई थप सुदृढ गर्नुका साथै सांस्कृतिक एकता र पहिचानलाई अक्षुण्ण राख्न पनि थप योगदान गरिरहेको बताउनुभयो ।

बडादसैँमा मान्यजनप्रति श्रद्धा र सम्मान स्वतःस्फूर्त अभिव्यक्त हुने प्रचलनले पनि यसको महत्व उजागर गरिरहेको बताउँदै उहाँले दसैँलगायका महान् चाडपर्वको संरक्षण एवं संवर्द्धनबाट राष्ट्र र राष्ट्रियताप्रति अटल सम्मान र गहिरो प्रेमको भावना जागृत गर्न सहयोग पुग्ने विचार प्रकट गर्नुभएको छ ।

राष्ट्रपति पौडेलले सन्देशमा भन्नुभएको छ, "नेपालीहरूको महान् चाड बडादसैँ २०८० को शुभअवसरमा देश-विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदी-बहिनी तथा दाजुभाइमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।"

शक्तिको प्रतीकका रूपमा मनाइने बडादसैँ असोजको शुक्ल प्रतिपदाका दिन घटस्थापना गरी सोही दिनदेखि निरन्तर शक्तिरूपी नवदुर्गा भवानीको पूजा आराधना गर्दै दशमीका दिन भवानीको प्रसादस्वरूप मान्यजनको हातबाट टीका, जमरा र आशीर्वाद ग्रहण गर्न तथा पूर्णिमासम्म विशेषरूपमा मनाइँदै आएको प्रसङ्ग पनि उहाँले सन्देशमा उल्लेख गर्नुभएको छ ।

राष्ट्रपति पौडेलले विजयादशमीको दिन दुर्गा भगवतीले दानवी शक्तिमाथि र रामले रावणमाथि विजय हासिल गरेको धार्मिक तथा ऐतिहासिक कथन रहेको तथा बडादसैँको उपलक्ष्यमा पारिवारिक जमघट एवं पुनर्मिलन भई खुसीयाली र हार्दिकता साटासाट गरी मनाउने प्रचलन रहिआएको विषयसमेत जानकारी गराउनुभएको छ ।

उहाँले सन्देशमा भन्नुभएको छ, "बडादसैँ २०८० ले हामी सबैमा नयाँ उत्साह, उमङ्ग, असल कामलाई हौसला प्रदान गर्न र सकारात्मक ऊर्जा थप्न दुर्गा भवानीले आशीर्वाद दिउन् भन्ने शुभकामना प्रकट गर्दछु ।" रासस

# जनताले खोजेको र रोजेको सही पात्रबाट काम अघि बढाउन पाउनुपर्छ : ज्ञानेन्द्र शाह



**टुडे समाचारदाता**

काठमाण्डु । पूर्वराजा ज्ञानेन्द्र शाहले जनताले खोजेको र रोजेको सही पात्रबाट जनहितमा गतिलो काम अघि बढाउन पाउनुपर्ने बताएका छन् । विजया दशमी २०८० को उपलक्ष्यमा सन्देश जारी गर्दै शाहले देश र जनता माथि अब कुनै प्रकारको घात हुन नहुने चाहना व्यक्त गरेका हुन् ।

व्यक्तिगत स्वार्थ, दलीय भागबण्डा, आपसी राजनीतिक द्वन्द्व, चरम भ्रष्टाचार र बेथितिबाट जनता आजित भएको शाहले बताएका छन् ।

यस्तो अवस्थामा जनताले उत्साह, उल्लास र उमङ्गका साथ चाडबाड मनाउन पाउनु त कता कता साँझ बिहानको जीवन यापन पनि कष्टकर बन्दै गएको त छैन ? भनेर प्रश्न समेत गरेका छन् । ' डेढ दशक यताका अवधिमा नेपाली उतिविधी उत्साहमा छैनन्, हर्षित छैनन् । हाम्रो एक तिहाइ जनसङ्ख्या देश बाहिर छ ।

विदेशिएका र देशमै रहे बसेका दुबै थरीमा बिछोडको पीडा छ । महँगी, रोग, शोक, र भोकको ताप छ । हामीले नजिकबाट नियालेर हेर्दा र बुझ्दा जनता अति नै निराश र हताशमा छन् । हामी निरन्तर परनिर्भर हुँदै जानुले हाम्रो आर्थिक अवस्था जर्जर बन्दै गएको छ । लोकहित र अग्र गतिको नाममा भनेर आएको परिवर्तनले न राम्रो गयो, न सुधार आयो । हाम्रो देश झन् झन् खराबी तिर गयो भन्ने आम जनगुनासो हाम्रा गाउँ, सहर, लेक, बेसी, कुना कन्दरा सबैतिर सुनिन्छ,' शाहले विज्ञप्तिमा भनेका छन् ।

**यस्तो छ शाहको शुभकामना सन्देश :**

**प्यारा नेपाली दिदी बहिनी तथा दाजु भाइहरू,**

नेपालीहरूको महान् राष्ट्रिय पर्व बडा दसैँ हाम्रा घर आँगनमा आइपुगेको छ । असत् माथि सत्को विजय दर्साउने यो पर्वले हामीलाई सही, सत्य देवी शक्तिको संवर्द्धन गर्न प्रेरणा प्रदान गर्दछ । देश तथा विदेशमा रहे बसेका सबै नेपालीहरूमा हामी मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।

हिमाल, पहाड र तराइमा बसोबास गर्ने जो विविध वर्ग, समुदाय र विभिन्न सनातनी संस्कृति जे जुन भित्र रहे पनि अन्ततः हामी सबै नेपाली हौँ । यो साझा फूलबारीलाई सजाउनु, सिंगार्नु अनि यसको माली बनेर यो सुन्दर बगैँचाको संरक्षण गर्नु हाम्रो साझा दायित्व हो । हामी सबै स्वतन्त्र सार्वभौम नेपाल राष्ट्रका होनहार सन्तति हौँ भन्ने हेक्का हामीमा रहनै पर्दछ । कसैले कसैप्रति निषेध र निन्दा नगर्ने सबैले सबैको आस्था उपर उदारभाव राख्न हाम्रो प्रयत्न हुनै पर्दछ ।

धर्ममा नम्रता, संसारमा जस्तै महिमाको बाटो हो । अभाव र भेदभाव नेपालीपन होइन । सद्भाव विनाको राष्ट्र परिकल्पना पनि गर्न सकिँदैन । डेढ दशक यताका अवधिमा नेपाली उतिविधी उत्साहमा छैनन्, हर्षित छैनन् । हाम्रो एक तिहाइ जनसङ्ख्या देश बाहिर छ । विदेशिएका र देशमै रहे बसेका दुवै थरीमा बिछोडको पीडा छ । महँगी, रोग, शोक, र भोकको ताप छ । हामीले नजिकबाट नियालेर हेर्दा र बुझ्दा जनता अति नै निराश र हताशमा छन् । हामी निरन्तर परनिर्भर हुँदै जानुले हाम्रो आर्थिक अवस्था जर्जर बन्दै गएको छ । लोकहित र अग्र गतिको नाममा भनेर आएको परिवर्तनले न राम्रो गयो, न सुधार आयो । हाम्रो देश झन् झन् खराबी तिर गयो भन्ने आम जनगुनासो हाम्रा गाउँ, सहर, लेक, बेसी, कुना कन्दरा सबैतिर सुनिन्छ ।

व्यक्तिगत स्वार्थ, दलीय भागबण्डा, आपसी राजनीतिक द्वन्द्व, चरम भ्रष्टाचार र बेथितिबाट जनता आजित छन् । यस्तो अवस्थामा जनताले उत्साह, उल्लास र उमङ्गका साथ चाडबाड मनाउन पाउनु त कता कता साँझ बिहानको जीवन यापन पनि कष्टकर बन्दै गएको त छैन ?

जनताले खोजेको र रोजेको सही पात्रबाट जनहितमा गतिलो काम अघि बढ्न पाउनु पर्दछ । देश र जनता माथि अब कुनै प्रकारको घात हुनु हुँदैन - हाम्रो यही चाहना हो ।

श्री नवदुर्गा भवानीले हामी सबैलाई राष्ट्र र राष्ट्रवासीको हित चिन्तन गर्ने सद्बुद्धि प्रदान गरून् ।

# कानुनमात्र बनाउँछु, विकास निर्माणका बारेमा वास्ता छैन भन्न मिल्ने अवस्था छैन : सांसद रिजाल

काठमाण्डु । विधायकले कानुन बनाउने जिम्मेवारी भए पनि नेपालको संसदीय अभ्यासमा कानुन बनाउने र जनताको दुःख, सुखमा साथै रहने कुरालाई बिर्सने सक्ने अवस्था छैन । राजनीतिक दलले निर्वाचनमा भाग लिनुअघि आ-आफ्नो घोषणापत्र सार्वजनिक गरी विकास निर्माणका योजना नै स्पष्ट देखाउने परिपाटी बसल्न आवश्यक रहेको सांसद ईश्वरबहादुर रिजालको बुझाइ छ । "चुनावमा भोट माग्न जाने बेलामा विकास निर्माणका प्रष्ट खाका देखाउनुपर्छ", उहाँले भन्नुभयो, "विकास हुँदै गरेको हाम्रोजस्तो देशमा कानुनमात्र बनाउँछु, विकास निर्माणका बारेमा वास्ता छैन भन्न मिल्ने अवस्था छैन ।"



विसं २०२४ चैत १७ गते दोलखा विगु गाउँपालिका चिलङ्खा, मोहीबासमा जन्मनुभएका उहाँ २०३९ सालदेखि नेकपा (एमाले) निकट भातृ सङ्गठनमा क्रियाशील भएर राजनीतिक यात्रा प्रारम्भ गर्नुभएको थियो । अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्वियु) हुँदै एमाले केन्द्रीय सदस्य र अहिले पोलिटब्यूरो सदस्य हुनुहुन्छ । उहाँले अहिले पार्टीको स्कुल विभागको उपप्रमुख भएर काम गरिहनुभएको छ । दोलखाबाट समानुपातिक प्रतिनिधिसभा सदस्य भएर जिम्मेवारी निर्वाह गरिरहनुभएको छ ।

पार्टीले आफ्नो घोषणापत्रमा प्रतिबद्धता गरेको र जुन चुनावपछि पूरा गर्नुपर्ने अवस्था भएको उहाँको भनाइ छ । "पार्टीको घोषणापत्रमा दिएको बचन त पूरा गर्नुपर्‍यो", एमालेको पोलिटब्यूरो सदस्य रिजालले भन्नुभयो, "जनतालाई विकास चाहिएको छ, त्यो गर्छु भनेर नै भोट मागिएको हुन्छ ।"

चुनावमा उठ्ने बेलामै पार्टीले जनप्रतिनिधिको काम कानुन बनाउनेमात्रै हो भनेर लेखेमात्रै नत्र कानुन बनाउनुका साथै जनताको दुःख, सुखमा साथै रहनुपर्ने उहाँको राजनीतिक गर्दाको अनुभव छ । "जनप्रतिनिधि भनेकै मतदाताको हो, मतदातासँगै सकेसम्म रहनुपर्छ", सांसद रिजालले भन्नुभयो, "जनताको इच्छा र चाहनालाई जनप्रतिनिधिले बेवास्ता गर्न पटक्कै मिल्दैन ।" कानुन बनाउने र नीति निर्माण गर्ने दुवै विषयमा उत्तिकै ध्यान दिनुपर्ने उहाँको बुझाइ छ । "जसले निर्वाचित गरेर पठाएको छ, उसकै लागि काम गर्नुपर्ने जनप्रतिनिधिको धर्म हो", उहाँले भन्नुभयो, "जुन खालको संसदीय अभ्यास छ, यो अभ्यासमा कानुन बनाउन र जनताको ध्यान दिनु दुवै जिम्मेवारी छ ।"

सदन प्रारम्भ भएपछि कानुन निर्माणमा ढिलाइ भएको कुरालाई स्वीकार गर्दै उहाँले भन्नुभयो, "संविधानअनुकूलका महत्त्वपूर्ण कानुन बनाउन जरुरी छ, तर सरकारले सदनलाई बिजनेस दिनुपर्‍यो, कानुन छिटो नबन्नुको दोषी संसद् र सांसद नभएर सरकार पनि हो ।" सरकारले कानुन बनाउनुपर्ने विषयमा अध्ययन गरेर विधेयक ल्याउनुपर्नेमा ल्याउन नसकेको हुनाले सदनले आवश्यकताअनुरुप कानुन बनाउन नसकेको उहाँको ठहर छ । "सरकारले संसद्लाई बिजनेस नदिएपछि संसद् र सांसदले मात्र कानुन बनाउने कुरा भएन", उहाँले भन्नुभयो, "सरकारले बनाउनुपर्ने अतिआवश्यक कानुनका बारेमा गैरसरकारी विधेयक ल्याएर पनि भएन ।"

संसद्मा कहिलेकाहीँ सरकारले गरेको कामका बारेमा प्रश्न उठ्दा केही चर्काचर्की हुने गरे पनि सभ्य तरिकाले प्रश्न उठ्ने गरेको उहाँको बुझाइ छ । "सरकारले जनताको अतिआवश्यक चाहनामा बेखबर हुन मिल्दैन, अहिले महँगी बढेर आठ प्रतिशतभन्दा बढी भएको छ", उहाँले भन्नुभयो, "दसैँको बेलामा सरकारले अनुगमन गर्छ, अरु बेला पनि अनुगमन गर्नुपर्‍यो ।" सरकारका कमी-कमजोरीलाई प्रमुख प्रतिपक्ष दलले ध्यानाकर्षण गराउनुपर्ने संसदीय अभ्यास नै भएको र हुँदा कहिलेकाहीँ तिखो स्वर भए पनि संसद्भित्र संसदीय व्यवस्थालाई असर पर्ने गरी काम नगरेको उहाँको भनाइ छ ।

"जनताको प्रतिनिधिले सभ्य र शिष्ट भाषा बोल्नुपर्छ, तर संसदीय अभ्यासमा कहिलेकाहीँ आवेगमा आएर मुखबाट त्यस्ता शब्द आउन सक्छ, जनताको समस्याका बारेमा कुरा गर्दा उत्तेजित भएको अवस्था हुन्छ", उहाँले भन्नुभयो, "शून्य समय वा विशेष समयमा राखेका कुराको सुनुवाइ भएन भने पनि चर्कै स्वरले बोल्नुपर्ने हुन्छ, तर पछि महसुस हुन्छ, सच्याउने पनि गरिन्छ, त्यसलाई अनौठो मान्नु पनि हुँदैन ।" संसद् भनेको देश र जनताका प्रत्यक्ष सरोकारका विषयमा छलफल र बहस हुनु स्वभाविक प्रक्रिया भएको उहाँको बुझाइ छ । रासस

# नागरिकको अपेक्षालाई सार्थक बनाउन आवश्यक : शशांक कोइराला

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसको पूर्वमहामन्त्रीडाशशांककोइरालाले नागरिककोअपेक्षातराई-पहाड-हिमाल, खुसी, सुखी नेपाली समृद्ध र समुन्नत नेपाललाई सार्थक बनाउन आवश्यक रहेको बताएका छन् ।



बडा दसैँको शुभकामना दिँदै डा कोइरालाले दसैँ जस्ता महान् पर्वले नेपाल र नेपालीहरूमा आपसी एकता, सहिष्णुता, सद्भाव र समभाव सहितको आत्मीयतालाई बलियो बनाउने विश्वास व्यक्त गरेका छन् । कोइरालाद्वारा जारी शुभकामना सन्देशमा भनिएको छ, ' नागरिकको अपेक्षा तराई-पहाड-हिमाल, खुसी, सुखी नेपाली समृद्ध र समुन्नत नेपाललाई सार्थक बनाउन यी महान् पर्वहरू आशीर्वाद दिने विश्वास लिँदै सबै नेपालीहरूमा सुख शान्ति र समृद्धिको कामना गर्दछु ।'

# हरेक चुनौतिलाई अवसरमा बदल्न दसैँको भावनात्मक भूमिका महत्त्वपूर्ण हुन्छ : प्रदेश प्रमुख परियार

**टुडे समाचारदाता**

सुर्खेत । कर्णाली प्रदेशका प्रदेश प्रमुख तिलक परियारले हरेक चुनौतीलाई अवसरमा बदल्न दसैं लगायतका सांस्कृतिक पर्वको भावनात्मक भूमिका महत्त्वपूर्ण रहने बताएका छन् । विजयादशमी, २०८० को अवसरमा शुभकामना सन्देश दिँदै परियारले एकता, सहकार्य र विविधताको आत्मसातीकरणले चुनौतीलाई अवसरमा बदल्न सकिने र बदल्नुपर्ने बताएका हुन् ।

'राजनीतिक आर्थिक र सामाजिक परिवर्तन प्राप्तिका लागि हामीले जुन बलिदानी र एकताको प्रदर्शन गर्‍यौं,' उनले भनेका छन्,' आन्तरिक राष्ट्रियता बलियो पार्दै संविधान कार्यान्वयन गर्न त्यस्तै एकता र सहकार्य हाम्रा लागि अनिवार्य भएको छ ।' साथै परियारले राजनीतिक परिवर्तनसँगै परम्परागत





मूल्य, मान्यता, संस्कार र पर्वहरूलाई पनि पुनर्परिभाषित र पुर्न संस्कार गर्न जरुरी रहेको बताएका छन् ।

मौलिक पर्वहरूभित्र रहेका सकारात्मक र मानवीय जीवनको प्रगति र विकासका लागि मूल्यवान् संस्कार र प्रवृत्तिको संरक्षण गर्दै त्यसभित्र विद्यमान रुढीवादी, अन्धविश्वास, भड्किलो चिन्तन र जीवनपद्धतिमा पुनर्विचार गर्नुपर्ने पनि परियारको भनाइ छ ।

# स्वास्थ्यमन्त्री बस्नेतद्वारा पर्वत अस्पताल निरीक्षण

पर्वत । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेतले पर्वत अस्पतालको निरीक्षण गरेका छन् । शुक्रबार साँझ यहाँ आएका मन्त्री बस्नेतले अस्पतालका भौतिक पूर्वाधार र उपचार सेवालगायतका बारेमा जानकारी लिएका हुन् ।

हालै गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयको मूल्याङ्कनमा प्रदेशभरिमै उत्कृष्ट बनेको अस्पताललाई बधाई दिँदै उनले यसको थप स्तरोन्नति र गुणस्तरीय सेवा सुविधा प्रदान गर्नका लागि आवश्यक सहयोग गर्ने जानकारी दिए । मन्त्री बस्नेतले आधारभूत स्वास्थ्य सुविधा पाउने नागरिकको नैसर्गिक अधिकार रहेको जनाउँदै जिल्लाबाट प्रदान गर्न सकिने सबै सेवा, सुविधा उपलब्ध गराउनसमेत निर्देशन दिएका छन् । उनले अस्पतालका लागि



आवश्यक दरबन्दी, एम्बुलेन्स र अन्य उपकरण उपलब्ध गराउने प्रतिबद्धतासमेत व्यक्त गरे ।

सो अवसरमा अस्पताल विकास समितिका अध्यक्ष शङ्कर गिरीले पर्वत अस्पतालको वर्तमान अवस्था, दरबन्दीअनुसारका चिकित्सक र स्वास्थ्यकर्मीको कमी, ५० शय्याको मान्यता प्रदान गर्नुपर्नेलगायतका बारेमा ध्यानाकर्षण गराएका थिए । उनले सुविधासम्पन्न 'क' वर्गको एक, अन्य दुईवटा एम्बुलेन्स, युएसजी मेसिन र हाडजोर्नीसम्बन्धी उपकरण उपलब्ध गराइदिन मागपत्रसमेत पेस गरे ।

विसं २०४६ मा १५ शय्या क्षमतामा स्थापना भएको जिल्लाको सो अस्पताल अहिले ५० शय्याको रूपमा स्तरवृद्धि भइरहेको छ । अस्पताल विकास समितिले ४१ शय्या थपेर अहिले ५६ शय्या सञ्चालनमा आएका छन् । अस्पतालमा ओपिडी सेवासँगै विभिन्न खालका शल्यक्रिया, डायलायसिस, दन्त, हाडजोर्नी, आँखा उपचारलगायतका सेवा प्रवाह हुँदै आएका छन् । पर्वत, बाग्लुङ र स्याङ्जाका गरी दैनिक तीन सय जनासम्म बिरामी उपचारका लागि आउने गरेको अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा हेमन्त बाँस्तोलाले जानकारी दिए ।

# उपप्रधानमन्त्री श्रेष्ठको स्वास्थ्यवस्था सामान्य, चिनियाँ समकक्षीद्वारा स्वास्थ्यलाभको कामना

काठमाण्डु । उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठको स्वास्थ्यवस्था सामान्य बन्दै गएको छ । जनवादी चीनको भ्रमणका क्रममा रहँदा यही कात्तिक १ गते हृदयाघात भएपछि उहाँ बेइजिङस्थित पेकिङ मेडिकल कलेज अस्पतालमा उपचाररत हुनुहुन्छ ।

उपप्रधानमन्त्री श्रेष्ठ शनिवार बिहानदेखि अस्पतालभित्रै सामान्य हिँडडुल गर्न थाल्नुभएको उहाँका स्वीकय सचिव सुरेशकाजी श्रेष्ठले जानकारी दिनुभयो । हृदयाघात भएपछि उहाँको छातीमा 'स्टेन्ट' राखिएको छ ।

यसैबीच, उपप्रधानमन्त्री श्रेष्ठसँग चिनियाँ समकक्षी एवं चीनका सार्वजनिक सुरक्षामन्त्री वाङ सियाओहङले अस्पतालमा भेट गरी शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको छ । यसअघि सार्वजनिक सुरक्षामन्त्री वाङले उपप्रधानमन्त्री श्रेष्ठको स्वास्थ्य उपचारमा कुनै कसर बाँकी नराख्न निर्देशन दिनुभएको थियो । चिनियाँ कम्युनिष्ट पार्टीको केन्द्रीय अन्तर्राष्ट्रिय विभागका निर्देशक पेङ सीउ सानले उपप्रधानमन्त्री श्रेष्ठसँग भेट गरी पूर्णस्वास्थ्य लाभको कामना गर्नुभएको छ ।रासस

# क्यानडा-भारत कूटनीतिक विवादमा अमेरिका र बेलायतको चासो

**बीबीसी**

नयाँ दिल्ली । सिख पृथकतावादी नेताको हत्यालाई लिएर विगत केही सातादेखि भारत र क्यानडाबीच चलिरहेको तनावमा अब अमेरिका र बेलायत पनि प्रवेश गरेका छन् । अमेरिका र बेलायत दुबैले भारतले क्यानडाले भारतमा आफ्ना कूटनीतिज्ञहरूको उपस्थिति घटाउन आग्रह गरिरहनु हुँदैन भन्नुभएको छ। क्यानडामा सिख पृथकतावादी नेता हरदीप सिंह निज्जरको हत्यापछि क्यानडाले यसको पछाडि भारतीय एजेन्सीहरूको हात रहेको आशंका व्यक्त गरेको थियो ।

भारतले यसलाई अस्वीकार गरेको थियो । तर यसपछि भारत र क्यानडाबीच तनाव बढ्न थाल्यो र कुरा यतिसम्म पुग्यो कि क्यानडाले भारतमा कार्यरत आफ्ना ४१ कूटनीतिज्ञलाई फिर्ता बोलाउनु परेको थियो। भारतीय मूलका क्यानेडियन नागरिक हरदीप सिंह निज्जरको यही वर्षको जुनमा क्यानडाको भ्यानकुभरमा हत्या भएको थियो । क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले यसका लागि भारतीय एजेन्सीहरूलाई दोष दिएका छन्। अलग खालिस्तानको माग गर्दै खलिस्तानी आन्दोलनको अनुहार बनेका निज्जरलाई भारतले "आतंकवादी" भनेको छ। भारतले ट्रुडोको आरोपलाई सिधै अस्वीकार गर्‍यो र क्यानडामा खालिस्तान समर्थक गतिविधिहरू रोक्न क्यानडालाई आग्रह गर्‍यो ।

विश्लेषकहरूका अनुसार अमेरिका र बेलायतले भारतसँगको सम्बन्ध बिगार्न चाहँदैनन् । चीनको बढ्दो वर्चस्वलाई रोक्नका लागि उनीहरू भारतलाई एशियामा आफ्नो महत्वपूर्ण सहयोगीका रूपमा हेर्छन् ।

**अमेरिकाले के भन्यो ?**

शुक्रबार अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता म्याथ्यु मिलरले भनेका छन्, "भारत सरकारले क्यानाडालाई भारतमा आफ्ना कूटनीतिज्ञहरूको उपस्थिति कम गर्न भनेको थियो, उनको अनुरोधमा क्यानाडाले कूटनीतिज्ञहरूलाई फिर्ता बोलाएको छ। हामी भारतबाट क्यानाडाली कूटनीतिज्ञहरूको प्रस्थानप्रति चिन्तित छौं ।" चिन्तित छन् ।" क्यानडाले भारतमाथि लगाएको आरोपप्रति अमेरिका गम्भीर रहेको बताएको छ । परराष्ट्र मन्त्रालयले आफ्नो विज्ञप्तिमा भन्यो, "आपसी मतभेद समाधान गर्न कूटनीतिज्ञहरूको उपस्थिति हुनु अत्यन्तै महत्त्वपूर्ण छ। हामीले भारत सरकारलाई क्यानडाले भारतमा आफ्ना कूटनीतिज्ञहरूको उपस्थिति घटाउनुपर्छ भन्ने धारणामा रहिरहनु हुँदैन भनेर भारत सरकारलाई भनेका छौं।" भारतले पनि यस विषयमा क्यानडाको अनुसन्धानमा सहयोग गर्नुपर्छ।"

"हामी आशा गर्छौं कि भारतले कूटनीतिक सम्बन्ध सम्बन्धी ज्ञढटज्ञ भियना कन्भेन्सनको पालना गर्नेछ र क्यानाडाली कूटनीतिक नियोगका सदस्यहरूलाई अधिकार हुने सुविधा र कूटनीतिक उन्मुक्ति प्रदान गर्नेछ।" अमेरिका र बेलायतले यस घटनाको अनुसन्धानमा भारतले क्यानडालाई सहयोग गर्नुपर्ने भनेको छ ।

**बेलायतले के भन्यो ?**

बेलायतको विदेश मन्त्रालयले पनि यस विषयमा विज्ञप्ति जारी गरेको छ। बेलायती मन्त्रालयको भनाइ अमेरिकी भनाइसँग केही हदसम्म मेल खाएको देखिन्छ। मन्त्रालयले आफ्नो विज्ञप्तिमा 'आपसी मतभेद समाधान गर्न दुवै देशको राजधानीमा कूटनीतिज्ञको उपस्थिति आवश्यक रहेको र दुई देशबीच वार्ता जारी रहनुपर्ने' उल्लेख गरेको छ।

"हामी भारत सरकारको निर्णयसँग सहमत छैनौं, जसले गर्दा धेरै क्यानाडाली कूटनीतिज्ञहरूले भारत छोडेका छन्। हामी आशा गर्छौं कि दुवै पक्षले कूटनीतिक सम्बन्धमा ज्ञढटज्ञ भियना कन्भेन्सन अन्तर्गत आफ्ना प्रतिबद्धताहरूको पालना गर्नेछन्। कूटनीतिक नियोगहरू "एकपक्षीय रूपमा हटाउने। विशेषाधिकार र कूटनीतिक उन्मुक्ति सदस्यहरूलाई संरक्षण गर्ने भियना महासन्धि वा यसको प्रभावकारी कार्यका सिद्धान्तहरूसँग असंगत छ।"

मन्त्रालयले हरदीप सिंह निज्जरको हत्याको स्वतन्त्र अनुसन्धानमा भारतलाई क्यानडासँग सम्पर्कमा रहन प्रोत्साहित गर्ने बताएको छ ।

**क्यानडाले भन्यो- 'अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन'**

भारतको यो कदमपछि प्रधानमन्त्री जस्टिन ट्रुडोले शुक्रबार भारतको आलोचना गरेका छन् । यसले क्यानडामा अध्ययनरत भारतीय विद्यार्थीलाई समस्या सिर्जना गर्नुका साथै यात्रा र व्यवसायसँग सम्बन्धित मामिलामा पनि समस्या हुने उनले बताए । एक टेलिभिजन सन्देशमा, उनले भने कि "भारत सरकारले क्यानाडा र भारतमा बसोबास गर्ने करोडौं मानिसहरूको जीवनलाई असामान्य रूपमा कठिन बनाएको छ।"

उनले यसलाई कूटनीतिका आधारभूत सिद्धान्त र भियना सन्धिको उल्लङ्घन भनेका छन् । उनले भने, "भारतले अन्तर ष्ट्रिय कूटनीतिको एकदमै आधारभूत सिद्धान्तको उल्लङ्घन गरेर यो गरिरहेको छ।" समाचार एजेन्सी एएफपीका अनुसार उनले भने, "म क्यानडामा बसोबास गर्ने करोडौं मानिसहरूको खुशी र कल्याणको बारेमा चिन्तित छु जसको जरा भारतीय उपमहाद्वीपसँग जोडिएको छ।" यसअघि बिहीबार क्यानडाका विदेशमन्त्री मेलोनी जोलीले ४१ जना क्यानाडाली कूटनीतिज्ञ भारत छोडेको जानकारी दिएकी थिइन् । उनले भारतले २१ कूटनीतिज्ञ बाहेक अन्य सबैको कूटनीतिक सुरक्षा अक्टोबर २० सम्ममा खारेज गर्ने बताएका थिए ।

२१ कूटनीतिज्ञ अझै भारतमा छन् तर बाँकीलाई फिर्ता बोलाउँदा कर्मचारीको अभाव छ । यसका कारण क्यानडाले अब भारतमा आफ्नो सेवा सीमित गर्नुपर्नेछ। यसका कारण बेंगलुरु, मुम्बई र चण्डीगढका केही वाणिज्य दूतावासको काम बन्द गर्नुपर्ने उनले बताए ।

**भारतले के दियो जवाफ ?**

भारतीय विदेश मन्त्रालयले शुक्रबार एक विज्ञप्ति जारी गर्दै भारतले कुनै पनि हिसाबले भियना महासन्धिको उल्लंघन नगरेको र भारतमा क्यानाडाली कूटनीतिज्ञको संख्या बढी रहेको बताएको छ । विज्ञप्तिमा परराष्ट्र मन्त्रालयले भनेको छ, "हामीले भारतमा क्यानाडाली कूटनीतिज्ञहरूको उपस्थितिको बारेमा बिहीबार जारी गरेको सरकारको विज्ञप्तिलाई ध्यान दिएका छौं।"

"द्विपक्षीय सम्बन्धको सन्दर्भमा, भारतमा क्यानाडाली कूटनीतिज्ञहरूको संख्या र देशको आन्तरिक मामिलामा उनीहरूको बारम्बार हस्तक्षेपका कारण, भारत र क्यानडाबीच कूटनीतिज्ञहरूको उपस्थितिमा समानता हुनु महत्त्वपूर्ण थियो।" यसलाई राम्ररी कार्यान्वयन गर्नका लागि हामीले एक महिनादेखि क्यानडासँग सम्पर्क राखेका छौं।

यसअघि परराष्ट्र मन्त्रालयले क्यानडामा भारतीय कूटनीतिज्ञभन्दा भारतमा क्यानाडाली कूटनीतिज्ञ बढी रहेको भन्दै यो संख्या दुवैका लागि बराबर हुनुपर्ने बताएको थियो । भियना महासन्धिको धारा ११.१ लाई उल्लेख गर्दै परराष्ट्र मन्त्रालयले कूटनीतिज्ञको संख्यामा समानताको यो माग सन्धिबमोजिम भएको बताएको छ । यो कदमलाई भियना महासन्धिको उल्लङ्घन भएको देखाउने प्रयासलाई भारतले अस्वीकार गरेको मन्त्रालयले जनाएको छ।

**पूरै मामिला के हो ?**

जुन १८ मा पृथकतावादी नेता हरदीप सिंह निज्जरको क्यानडामा हत्या भएको थियो । तीन महिना पछि, सेप्टेम्बर ज्ञड मा, क्यानाडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले देशको संसदमा भने कि क्यानाडाली एजेन्सीहरूले पुष्टि गरेका छन् कि क्यानाडाली भूमिमा क्यानाडाली नागरिकको हत्याको पछाडि भारत सरकार हुन सक्छ ।

क्यानडाले भारतका शीर्ष कूटनीतिज्ञलाई निष्कासन गरेपछि दुई देशबीचको सम्बन्ध तनावपूर्ण हुन थालेको छ। जवाफमा भारतले पनि क्यानडाका शीर्ष कूटनीतिज्ञलाई पाँच दिनभित्र भारत छोड्न आदेश दिएको थियो । क्यानडास्थित भारतीय दूतावासले पनि भिसा सेवा बन्द गरेको छ । भारतले क्यानडाको आरोपलाई अस्वीकार गर्दै निज्जर हत्या प्रकरणमा क्यानडाबाट कुनै पनि 'विशेष' वा 'सान्दर्भिक' जानकारी हेर्न तयार रहेको बताएको छ ।

ट्रुडोले भने कि क्यानडाले निज्जर हत्याकाण्डसँग सम्बन्धित 'बलियो आरोप' भारतसँग साझा गरेको छ। यद्यपि, यस्तो जानकारी सार्वजनिक रूपमा साझा गरिएको छैन। दुई साताअघि भारतले कूटनीतिज्ञको संख्यामा समानताको माग गर्दै क्यानडालाई दिल्लीस्थित आफ्नो उच्चायोगबाट दर्जनौं कर्मचारी फिर्ता बोलाउन भनेको थियो, अन्यथा उनीहरूलाई दिइएको कूटनीतिक उन्मुक्ति फिर्ता लिइनेछ ।

विदेशी कूटनीतिज्ञहरूलाई दिइने विशेषाधिकारलाई कूटनीतिक उन्मुक्ति भनिन्छ। यसमा स्थानीय कानूनहरूबाट छुटहरू पनि समावेश छन्। यसपछि हिजो क्यानडाले ४१ जना क्यानाडाली कूटनीतिज्ञ र उनीहरुका परिवारले भारत छोडेको जानकारी दिएको थियो । क्यानडामा करिब २० लाख मानिस बस्छन् जसको जरा भारतमा छ यो क्यानाडाको कुल जनसंख्याको ५ प्रतिशत हो ।

क्यानडाका शैक्षिक संस्थाहरूमा सबैभन्दा धेरै विदेशी विद्यार्थीहरू भारतका छन्। क्यानडाले जारी गरेको अध्ययन अनुमतिको ४० प्रतिशत भारतीय विद्यार्थीसँग छ ।



# युक्रेनद्वारा २८ अर्ब अमेरिकी डलर भन्दा बढी रक्षा क्षेत्रमा खर्च

**सिन्ह्वा**

कीभ । युक्रेनी सरकारले यस वर्ष देशको रक्षामा देखिएका चुनौतीसँग सामाना गर्न र आवश्यकता पूरा गर्न १.०३१ ट्रिलियन रिभनिया (२८.२ बिलियन अमेरिकी डलर) भन्दाबढी खर्च गरेको छ । प्रधानमन्त्री डेनिस श्म्याहललाई उद्धृत गर्दै मन्त्रिपरिषद्को प्रेस सेवाले शुक्रबार यस बारे जानकारी गराएको छ । उक्त रकममध्ये ६८२ अर्ब रिभ्निया (१८.६६ बिलियन डलर) सैनिक कर्मचारीको तलबमा र करिब ३४९ बिलियन रिभनिया (९.५५ बिलियन डलर) सैन्य उपकरण खरिद गर्न प्रयोग गरिएको बताइएको छ ।

यस वर्षको पहिलो नौ महिनामा रक्षा क्षेत्र युक्रेनको बजेट प्राथमिकतामा थियो भने, सामाजिक कार्यक्रम र स्वास्थ्य सेवा थिए, उनले भने । अर्को वर्ष युक्रेनले रक्षा र सुरक्षा बललाई सहयोग गर्न "सबै सम्भावित स्रोतहरू" परिचालन गर्न निर्देशन दिएको छ। युक्रेनको सन् २०२४ को लागि मस्यौदा बजेटले अर्को वर्ष रक्षाका लागि कम्तिमा १.६९ ट्रिलियन रिभनिया (४६ बिलियन डलर) वा आफ्नो जीडीपीको २१.६ प्रतिशत छुट्याउने तयारी गरेको छ ।

# राष्ट्रपति सीको कूटनीतिक विचारधारा बारे पुस्तक प्रकाशन

**सिन्ह्वा**

बेइजिङ । 'कूटनीतिमा सी विचारधारा' नामक पुस्तक प्रकाशित भएको छ । दश भागमा विभाजित पुस्तकमा ४८ वटा प्रश्नको उत्तरसहित उनका विचारलाई समेटिएको छ । सो पुस्तकमा सीका विचारको महत्त्व, वैज्ञानिक प्रणाली, सार र प्रभावहरू साथै यसको अभ्यासको लागि आवश्यकतालगायतका विषयको व्याख्या समावेश गरिएको छ ।

चिनियाँ कम्युनिष्ट पार्टीको केन्द्रीय समितिको प्रचार विभाग र विदेश मन्त्रालयद्वारा सङ्कलित सम्पादित यस पुस्तकले पार्टीका सदस्य, पदाधिकारी र जनतालाई पार्टीका नवीन सिद्धान्तको अध्ययन र विवेचना गर्दै त्यसलाई अझ गहिरो गरी बुझ्न मद्दत गर्ने अपेक्षा गरिएको छ।

# उत्तरपश्चिम पाकिस्तानमा सैन्य कारबाहीमा चार आतङ्ककारी मारिए

**सिन्ह्वा**

इस्लामाबाद । पाकिस्तानी सेनाले शुक्रबार उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तमा सुरक्षा बलले चार आतङ्ककारीलाई मारेको र अर्का एक जना घाइते बनाएको बताएको छ ।

पाकिस्तानी सेनाको सञ्चार शाखा इन्टर-सर्भिसेस पब्लिक रिलेसन्स (आईएसपीआर) ले विज्ञप्ति जारी गर्दै सुरक्षा बलले प्रान्तको लक्की मारवत जिल्लामा सो कारबाही गरेको थियो । अपरेशनका क्रममा सेना र आतङ्ककारीहरू बीच गोली हानाहान भएको र ती आतङ्ककारी मारिएको बताइएको छ ।

मारिएका आतङ्ककारीहरू सुरक्षा बल विरुद्ध विभिन्न किसिमका आतङ्ककारी गतिविधिका साथै निर्दोष नागरिकको हत्यामा संलग्न रहेको सेनाको दाबी छ ।

# गल्फ काउन्सिल र आसियान बीच गाजा घटना बारे छलफल

**सिन्ह्वा**

रियाद । खाडी सहयोग परिषद् र दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको सङ्गठन (आसियान) का नेताहरूले शुक्रबार गाजामा भएको पछिल्लो घटनाक्रमको समीक्षा गरेका छन् । साउदीको राजधानी रियादमा आयोजित पहिलो सो संयुक्त शिखर सम्मेलनका क्रममा सहभागीहरूले मध्य पूर्वमा विकसित पछिल्लो घटनाक्रम बारे विचार आदानप्रदान गर्दै गम्भीर चिन्ता व्यक्त गरेको साउदी प्रेस एजेन्सीले उल्लेख गरेको छ ।

सहभागी नेताहरूले नागरिकहरू विरुद्ध भएका सबै प्रकारका आक्रमणहरूको निन्दा गर्दै गाजामा मानवीय सहायता, राहत सामग्री र अन्य आवश्यकतामा नागरिकहरूको प्रभावकारी पहुँच सुनिश्चित गर्न र गाजामा विद्युत, पानी र सबै किसिमका अत्यावश्यक सेवाहरू पुनः सञ्चालनमा ल्याउन पहल गर्न सबै सम्बन्धित पक्षहरूलाई अपिल गर्दै दिगो युद्धविरामको आह्वान गरेका छन् ।

शिखर सम्मेलनले द्वन्द्वरत पक्षहरूलाई नागरिकहरूको सुरक्षा गर्न र उनीहरूलाई लक्षित नगर्न र अन्तरराष्ट्रिय मानवीय कानूनको पालना गर्न आह्वान गरेको छ। सम्मेलन बन्दीहरूको तत्काल र निःशर्त रिहा गर्न पनि आग्रह गरेको छ ।

# नेपालद्वारा हङकङ पराजित

काठमाण्डु । त्रिकोणात्मक टि २० सिरिजअर्न्गत शनिवार भएको तेस्रो खेलमा नेपालले हङकङलाई पराजित गर्दै फाइनलमा पुगेको छ

मूलपानी क्रिकेट मैदानमा शनिवार भएको खेलमा नेपालले हङकङलाई ७९ रनले पराजित गर्दै एक खेल अगावै फाइनल पुगेको हो । नेपालले यसअघि भएको पहिलो खेलमा यूएईलाई ७ विकेटले हराएको थियो भने दोस्रो खेलमा हङकङलाई नै ६ विकेटले पराजित गरेको थियो। यस जितसँगै नेपाल ६ अंक जोड्दै शीर्षस्थानमा रहेर फाइनल पुगेको हो।

नेपालले हङकङलाई जितको लागि २ सय १४ रनको लक्ष्य दिएको थियो । जवाफमा हङकङ निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै १ सय ३४ रनमा समेटियो। हङकङका लागि अंशुमन रथले सर्वाधिक ४५ रनको योगदान दिए। त्यस्तै बाबर हायात २० तथा एजाज खानले २५ रन जोडे ।

नेपालका लागि सोमपाल कामी, करण केसी र ललित राजवंशीले समान २-२ विकेट लिए भने दीपेन्द्र सिंह ऐरी र प्रतिश जिसिले समान १-१ विकेट लिए । त्यसअघि मुलपानी क्रिकेट मैदान टस जितेर पहिला ब्याटिङ रोजेको नेपालले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर २ सय १३ रनको योगफल बनाएको थियो । नेपालका लागि कुशल मल्ल र दीपेन्द्रसिंह ऐरीले अर्धशतक बनाए। कुशलले सर्वाधिक ९२ रनको योगदान दिए। उनले ४१ ब्लमा तीन चौका र नौ छक्काको मद्धतमा ९२ रन बनाएका हुन । त्यस्तै दिपेन्द्रले ५७ रन बनाए । उनले ३४ बलमा ६ चौका र दुई छक्काको मद्धतमा ५७ रन बनाएका हुन । कुशल मल्ल र दीपेन्द्रले १ सय ४५ रनको साझेदारी गरेका थिए। त्यसैगरी आशिफ शेखले २० रन बनाए भने कप्तान रोहितकुमार पौडेलले ११ रन बनाए।

हङकङका लागि मोहमद घजन्फ़रले २ विकेट लिए भने आयुष शुक्ला, हरून अर्षद र एजाज खानले समान एक एक विकेट लिए । अब नेपालले आफ्नो अन्तिम खेल यही असोज ६ गते यूएईसँग खेल्नेछ। रासस

# केएल राहुल २.० संस्करण भारतीय टोलीका लागि दोहोरो उपहार

**बीबीसी**

नयाँ दिल्ली। विराट कोहलीले बंगलादेशविरुद्धको विश्वकपमा पुनेमा भएको खेलमा निकै तीव्र सुरुवात गरेका थिए । उनले पहिलो बलमा २ रन बनाए, जुन नोबल बने । हसन महमूदको अर्को बल पनि नो बल थियो, जसमा कोहलीले चौका प्रहार गरे र अतिरिक्त बलमा गगनचुम्बी छक्का प्रहार गरे। यसको मतलब उनले एक कानूनी बलमा १२ रन बनाएका थिए ।

मैदानमा रहेका दर्शकहरूले कोहलीबाट छिटो र ठूलो इनिङको अपेक्षा गरेका थिए र कोहलीले उनीहरूलाई निराश गरेनन्। उनले छोटो समयमा आफ्नो अर्धशतक पूरा गरे र आफ्नो शतक तर्फ तीव्र गतिमा अघि बढ्न थाले। खेलमा एक समय यस्तो आयो जब भारतीय टोलीलाई बंगलादेशलाई हराउन १९ रन आवश्यक थियो र विराट कोहलीलाई पनि शतकका लागि १९ रन आवश्यक थियो ।

त्यसपछि कोहलीले आफ्नो शतक पूरा गर्ने कि गर्दैनन् भन्ने कुरा पनि केएल राहुलको अर्को छेउमा ब्याटिङमा निर्भर रह्यो। ओभर ब्रेकको समयमा, कोहली र राहुलले केही छलफल गरे र त्यसपछि कोहलीले ठूला शटहरू प्रहार गर्ने प्रयास गरिरहेको देखिए, दुवै ब्याट्सम्यानले सिंगललाई अस्वीकार गरे।

अन्ततः, ९७ रनको स्कोरमा, कोहलीले छक्का प्रहार गरेर भारतको लागि खेल जित्ने मात्र होइन, एकदिवसीय क्रिकेटमा आफ्नो ४८ औं शतक पनि पूरा गरे। सन् २०१५ पछिको विश्वकपमा कोहलीको पहिलो शतकमा पनि राहुलको ठूलो योगदान थियो । उनले कुनै स्वार्थविना ब्याटिङ गरे ।

खेलपछि उनले भने, 'कोहली चिन्तित थिए कि एकल नलिँदा आफूले व्यक्तिगत माइलस्टोनका लागि खेलिरहेको गलत संकेत दिन्छ। तर मैले उनलाई भने कि हामी म्याच जित्छौं र धेरै बलहरू छन्, यदि तपाईंले शतक पूरा गर्नुभयो भने यो नराम्रो कुरा होइन । आफ्नै रन त्याग्नु र अर्को खेलाडीलाई आफ्नो शतक पूरा गर्न मद्दत गर्नुले राहुलको नयाँ पक्ष प्रकट गर्दछ जुन अझ साहसी र आत्म-विश्वास छ ।

**ती ९७ रन जुन शतकभन्दा उत्कृष्ट थिए**

केही दिनअघि अष्ट्रेलियाविरुद्धको खेलमा राहुलले ९७ रनको म्याचविनिङ इनिङ खेलेका थिए । आफ्नो मनपर्ने ओपनिङ स्थिति छोडेर, राहुलले मध्यक्रममा भारतीय इनिङ्सको जिम्मा लिए र बहुमूल्य इनिङ्स खेले ।

ती ९७ रनलाई क्रिकेट विज्ञहरूले शतकभन्दा पनि बहुमूल्य मानेका छन् । भारतले २ रनमा ३ विकेट गुमाइसकेको अवस्थामा राहुल ब्याटिङमा आएका थिए । तर उनले हिम्मत हारेनन् र कोहलीसँग बलियो साझेदारी खेल्दै यो विश्वकपको पहिलो खेलमा भारतलाई जित दिलाए ।

कमेन्ट्री गरिरहेका इरफान पठानले ट्वीट गर्दै भनेका छन्, चोटबाट फर्किएपछि राहुल निकै शान्त देखिन्छन् । यो लत्रभ मा उनको कडा परिश्रमको परिणाम हो, जहाँ उनले आफ्नो फिटनेसमा काम गर्ने मौका पाए र आफ्नो खेल र आफ्नो दिमाग बारे सोच्ने मौका पाए ।

**अहिलेसम्म नटआउट, टिमको मेरुदण्ड बने**

यस विश्वकपमा



भारतले पहिलो चार खेल जितेको छ । टोलीले अष्ट्रेलिया बाहेक अफगानिस्तान, पाकिस्तान र बंगलादेशलाई पराजित गरेको छ। पछिल्लो एक वर्षमा ओपनिङ पोजिसन गुमाएका राहुललाई मिडल अर्डरमा आफूलाई स्थापित गर्न आवश्यक थियो र उनले कसैलाई निराश गरेनन् ।

राहुलले यस विश्वकपको तीन इनिङ्समा १५० रन बनाए पनि उनको औसत गणना गर्न सकिँदैन किनभने अहिलेसम्म उनी एकपटक पनि आउट भएका छैनन् । केही समयअघिसम्म उनले टोलीमा खेल्ने कि नदिने भन्ने टुंगो थिएन तर अहिले उनी भारतीय मिडल अर्डरको मेरुदण्ड बनेका छन् ।

यो भारतीय टोलीका लागि खुसीको खबर हो किनभने रोहित, शुभमन र विराटको शीर्ष भारी स्टार्टिङ अर्डरपछि भारतीय ब्याटिङ अर्डर अलि कमजोर भएको थियो, जसलाई अहिले राहुलले राम्रोसँग सम्हालेका छन् ।

**महान राख**

केएल राहुलले ब्याटबाट मात्रै योगदान गर्दैनन्, उनले विकेटकिपरको महत्वपूर्ण भूमिका पनि राम्रोसँग खेलेका छन् । उनले हालसम्म चार खेलमा ५ क्याच लिएका छन् जसमा बंगलादेशविरुद्ध दुई उत्कृष्ट क्याच पनि छन् ।

मोहम्मद सिराजले हासिल गरेको दुवै सफलताको पछाडि राहुलको क्याच थियो। बल बंगलादेशी ब्याट्सम्यान मिराजको ग्लोभ्समा छोएर राहुलको देब्रे छेउमा गएको थियो । बल धेरै टाढा थियो तर राहुलले शानदार डाइभ दिएर क्याच लिए।यो देखेर कमेन्टेटरले भने, "कस्तो अद्भूत क्याच ।"

यसपछि राहुलले नसुम अहमदको क्याच पनि लिए र यो विश्वकपमा आफू कसैभन्दा कम किपिङ नभएको बताए । साथै बोनस यो हो कि राहुलको किपिङले भारतीय ब्याटिङलाई थप बल दिन्छ।

**राम्रो कप्तानी र अष्ट्रेलिया विरुद्ध जित**

राहुलले विश्वकपको तयारीमा अस्ट्रेलियाविरुद्ध खेलिएको सिरिजमा आफ्नो फर्ममा फर्किने संकेत दिएका थिए । उक्त शृ͏ृ लाको पहिलो दुई खेलमा राहुलको कप्तानी थियो भने दुवै खेल भारतले जितेको थियो। खेलमा राहुलले जसरी बलिङमा परिवर्तन गरे, उनको कप्तानीको पनि धेरै प्रशंसा भयो ।

अप्ठ्यारो अवस्थामा पिचमा आएपछि राहुलले कप्तानीमा ५८ रनको इनिङ खेले र भारतले अस्ट्रेलियालाई ५ विकेटले पराजित गरेको हो । दोस्रो खेलमा पनि राहुलले अर्धशतक बनाएपछि भारतले यो खेल ९९ रनले जित्यो। केएल राहुलका लागि यी रनहरू शतकभन्दा कम थिएन किनभने उनी लामो समयपछि चोटबाट फर्किरहेका थिए र उनले प्लेइङ इलेभेनमा स्थान पाउने कि नपाउने भन्ने प्रश्न उठिरहेका थिए ।

**पुनरागमन चुनौती**

केएल राहुलका लागि विश्वकप अघिको यात्रा निकै चुनौतीपूर्ण थियो । उनी करिब एक वर्ष टिम भित्र र बाहिर रहेकाले उनको पुरानो ब्याटिङको छेउ हराएको जस्तो देखिन्थ्यो । शुभमन गिलले टेस्ट म्याचमा ओपनिङको स्थान खोसेका थिए र एकदिवसीयमा पनि शुभमनको फर्म यति बलियो थियो कि राहुलले त्यहाँ पनि आफ्नो स्थान गुमाए ।

यसका साथै उनले बारम्बार चोटपटक र शल्यक्रियासँग पनि संघर्ष गर्नुपरेको थियो । आइपिएल २०२३ मा पनि उनको ब्याटिङमा प्रश्न उठिरहेको थियो। एक आईपीएल खेलको क्रममा पूर्व टेस्ट क्रिकेटर आरपी सिंहले भने कि राहुल धेरै दबाबमा खेलिरहेका छन् र उनी यस सिजनमा यस्तो ब्याटिङ गर्दैनन्। तर राहुलले आशा हारेनन् र एनसीएमा भारतीय फिटनेस प्रशिक्षकसँग कडा मेहनत गरे ।

उनले आफ्नो ब्याटिङ अभ्यासमा कुनै कसर छोडेनन् र मानसिक रूपमा पनि बलियो बन्ने प्रयास गरे । विश्वकपअघि अस्ट्रेलियाविरुद्धको शृ͏ृ लामा सबैभन्दा बढी ध्यान राहुलको फिटनेस र फर्ममा थियो र राहुलले निराश भने गरेनन् ।

यस वर्ष अगस्टमा एक अन्तर्वार्ताका क्रममा युवराज सिंहले यस विश्वकपमा भारतीय मिडल अर्डरमा धेरै दबाब रहने र त्यसका कारण विघटन हुन सक्ने बताएका थिए । तर त्यतिन्जेल केएल राहुल २.० आइसकेको थिएन। यो चोटपछि राहुलको नयाँ जन्मजस्तै हो... र अब केएल राहुल मिडल अर्डरको मात्र नभई सम्पूर्ण भारतीय ब्याटिङको जिम्मा लिन तयार देखिन्छन् ।

केएल राहुलको आँखामा रनको भोक फेरि देखिन थालेको छ र उनको आत्मविश्वास पनि नयाँ उचाइमा छ। यो भारतीय टोलीका लागि खुसीको खबर हो ।



दसैं मनाउनका लागि घर जान बडादसैंको सप्तमीका दिन बिहान काठमाडौंको गोंगबुस्थित नयाँ बसपार्क आएका सर्वसाधारण। *तस्बिरः रासस*

# पहिलो पटक त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालन

काठमाण्डु । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल स्थापनाको ७३ वर्षपछि पहिलो पटक पूर्ण क्षमतामा सञ्चालनमा आएको छ । दसैं सुरु भइसकेको र पर्यटकीय याम पनि भएकाले विमानस्थलमा आन्तरिक र अन्तर्राष्ट्रिय दुबैतर्फ हवाई उडान बढेको हो ।

मुलुकको पुरानो र अति व्यस्त त्रिभुवन विमानस्थलमा पछिल्लो दुई दिनदेखि हालसम्मकै धेरै अन्तर्राष्ट्रिय उडान भएको विमानस्थल कार्यालयले जनाएको छ । सामान्यतयाः दैनिक दुईतर्फी ९० हाराहारी अन्तर्राष्ट्रिय उडान हुने विमानस्थलमा पछिल्ला दिनमा दैनिक दुईतर्फी एक सय १० देखि एकसय १३ उडान/अवतरण भएको विमानस्थल कार्यालयको भनाइ छ ।

विमानस्थलका महाप्रवन्धक प्रतापबाबु तिवारीका अनुसार दसैंको घटस्थापनायता दैनिक घटस्थापनायता हवाई उडानमार्फत १६ हजारदेखि १७ हजार हवाई यात्रु आवतजावत गरिरहेका छन् । उहाँका अनुसार गत असोज २९ गते अन्तर्राष्ट्रिय उडानतर्फ एक सय १३ उडान भएका थिए । जुन एक दिनमा भएको अहिलेसम्मकै बढी उडान सङ्ख्या हो । गत असोज ३० गते एक सय १० र कात्तिक १ देखि ३ गतेसम्म दैनिक एकसय १० भन्दा बढी अन्तर्राष्ट्रिय उडान भइरहेका छन् ।

"विमानस्थलको उडान इतिहासमा यो सबैभन्दा बढी उडान हो । चाडपर्व र पर्यटकीय सिजनले पनि अन्तर्राष्ट्रिय र आन्तरिक उडान चाप बढिरहेको छ", विमानस्थलका महाप्रबन्धक तिवारीले भन्नुभयो । अन्तर्राष्ट्रिय उडानतर्फ 'वीन्टर सिजन'का लागि बढी उडानको माग रहेको उहाँले जानकारी दिनुभयो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा तीन नेपालीसहित ३० वटा वायुसेवा कम्पनीले अन्तर्राष्ट्रिय उडान भर्दै आएका छन् ।

विमानस्थल कार्यालयका अनुसार अहिले आन्तरिकतर्फ दुईतर्फी दैनिक तीन दुई सय ७० उडानमार्फत करिब १४ हजार यात्रुले सेवा लिइरहेका छन् । महाप्रबन्धक तिवारीले विमानस्थलमा अहिले आन्तरिक र अन्तर्राष्ट्रिय दुबै गरी झण्डै पाँच सय उडान भइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "दैनिक पाँच सय हाराहारी उडान निकै बढी हो, विमानस्थल स्थापनाभएयता हालसम्मकै बढी उडान र यात्रु आवतजावत भइरहेका छन् ।"



विमानस्थल कार्यालयका अनुसार कात्तिक १ गते बुधबार मात्रै आन्तरिकतर्फ १५ हजार बढीले हवाई यात्रा गरेका थिए । उक्त दिन बुद्ध एयरले मात्रै आठ हजार नौ सय यात्रुलाई सेवा दिएको थियो । सो दिन यती एयरलाइन्सले दुई हजार ६ सय ५१, श्री एयरलाइन्सले एक हजार आठ सय ३९ र सौर्य एयरले तीन सय ४० यात्रुलाई सेवा दिएका थिए ।

नेपाल वायुसेवा निगमको आन्तरिक उडानका विभिन्न गन्तव्यमा यात्रु भरिभराउ छन् । दुई थान ट्वीनअटर जहाज मात्रै रहेको निगमको आन्तरिक उडानमा सर्वाधिक माग रहेपनि जहाजको सीमितताले थोरै सङ्ख्यामा देशका दुर्गम भेगमा उडान भइरहेको छ ।

निगमका प्रवक्ता रमेश पौडेलका अनुसार निगमले अहिले आन्तरिकतर्फ देशका विभिन्न १६ गन्तव्यमा दैनिक २२ वटा उडान गर्दै आएको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भूलका अनुसार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको प्रतिघण्टा अन्तर्राष्ट्रियतर्फ एक हजार पाँच सय र आन्तरिकतर्फ हरेक घण्टा पाँच सय यात्रु व्यवस्थापन गर्ने क्षमता छ ।

कूल ९२ लाख यात्रु क्षमताको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सन् २०१८ मा ७२ लाख हवाई यात्रुले सेवा लिएका थिए । कोभिडपछि विमानस्थलमा निरन्तर हवाई उडान र यात्रु सङ्ख्या बढिरहेको विमानस्थलले जनाएको छ । नेपालकै पुरानो अन्तर्राष्ट्रिय विमानस्थल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको पुरानो नाम गौचर मैदानलाई हवाइ मैदानको रूपमा प्रयोग गर्न सन् १९४९ बाट शुरु गरिएको थियो । पहिलो पटक 'बीचक्राफ्ट बोनान्जा' विमान अवतरण भएको यो विमानस्थलबाट पहिलो पटक सन् १९५० फेब्रुअरी २० मा हिमालयन एभिएसनको डाकोटा विमान कोलकात्ता उडान भरेको थियो । उक्त विमानस्थलको तत्कालीन राजा महेन्द्रले सन् १९५५ मा उद्घाटन गर्नुभएको थियो । सन् १९६४ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नामाकरण भएको थियो ।

यो विमानस्थलमा सन् १९६७ मा जर्मनीको लुफ्थान्सा एअरलाइन्सको बोइङ-७०७ जेट विमान पहिलो जेटविमानको रूपमा अवतरण गरेको थियो । विमानस्थल व्यापारिक प्रयोग सन् १९७२ बाट शुरु भएको हो । रासस

# सुदूरपश्चिम प्रदेश सरकार र उद्योग वाणिज्य महासङ्घबीच लगानीसम्बन्धी सम्झौता



काठमाण्डु । सुदुरपश्चिम प्रदेश सरकार र नेपाल उद्योग वाणिज्य महासङ्घबीच लगानी प्रवर्द्धन र बिकासका गतिविधि सञ्चालनका लागि सहकार्य गर्ने बिषयमा समझदारी भएको छ । शनिवार महासङ्घमा आयोजित एक कार्यक्रममा सदुरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाह र महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले सझदारीपत्रमा हस्ताक्षर गर्नुभयो ।

समझदारीअनुसार प्रदेश सरकार र महासङ्घले सुदूरपश्चिम प्रदेशमा लगानी प्रबर्द्धन गर्न र प्रदेशको आर्थिक विकास एवम् समृद्धिमा योगदान पुऱ्याउन सहकार्य गर्ने प्रतिवद्धता जनाइएको छ । सोही अनुसार प्रदेश सरकार र महासङ्घको संयुक्त आयोजनामा आगामी २०८० साल फागुन २३ र २४ गते सुदूरपश्चिम लगानी तथा विकास सम्मेलन आयोजना गरिनेछ । उक्त सम्मेलन सफल पार्न महासङ्घको सम्पूर्ण संयन्त्रले काम गर्ने महासङ्घ अध्यक्ष ढकालले प्रतिवद्धता जनाउनुभयो ।

अध्यक्ष ढकालले भारत र चीनमा 'बिजनेस समिट' आयोजना गरेको र त्यहाँबाट सोधपुछ हुन थालेको अवस्थामा प्रदेशमा पनि लगानी सम्मेलन आयोजना गर्न लागिएको बताउनुभयो । महासङ्घको तेस्रो कार्यकारिणी समिति बैठकले सबै प्रदेशमा लगानी सम्मेलन आयोजना गर्ने निर्णय गरेको थियो । सोही सन्दर्भमा सुदुरपश्चिम प्रदेश सरकारसँग पहिलो सम्झौता भएको हो । यसले प्रदेशमा आर्थिक बिकासका लागि सहयोग पुग्ने अध्यक्ष ढकालले बताउनुभयो ।

कार्यक्रममा सदुरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलवहादुर शाहले महासङ्घसँगको सहकार्यमा निर्धारित लगानी तथा बिकास सम्मेलन प्रभावकारी हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले सम्मेलनका अवसरमा सुदूरपश्चिममा लगानीको आउनेमा विश्वास व्यक्त गर्नुभयो । सो अवसरमा उहाँले प्रदेश सरकार लगानी सहजीकरणका लागि सहयोगी रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सुदुरपश्चिम प्रदेश सरकारका अर्थ तथा योजना मन्त्री नरेश शाहीले सुदूरपश्चिममा लगानीको पर्याप्त अवसर भएको तर लगानी आउन नसकेको अवस्थामा प्रदेश सरकारले सहजीकरण गर्ने बताउनुभयो । आगामी सम्मेलनले पनि यसमा सहयोग पुग्ने उहाँको भनाइ थियो ।

कार्यक्रममा महासंघका उपाध्यक्षद्वय हेमराज ढकाल एवं ज्योत्सना श्रेष्ठ र महासङ्घ लगानी तथा विदेश मामिला फोरमका सभापति मनोज पौडेलले सहकार्य र सम्झौताको औचित्यमाथि धारणा राख्नुभएको थियो । महासङ्घले लगानी सम्मेलनका लागि अन्य प्रदेश सरकारसँग पनि छलफल गरिरहेको छ । रासस

# किसानलाई अनुदानमा पावरटिलर र मिनीटिलर वितरण

कञ्चनपुर । कृषिको लागत खर्च घटाउनका लागि कृष्णपुर नगरपालिकाले एक सय १५ किसानलाई ५० प्रतिशत अनुदानमा खेत जोत्न प्रयोग हुने पावरटिलर र मिनीटिलर वितरण गरेको छ । किसानलाई ६९ पावरटिलर र ४६ मिनी पावरटिलर वितरण गरेको हो ।

नगरपालिकाले कृषि सहकारी, कृषक समूह र कृषि फार्ममा आबद्ध किसानलाई पावरटिलर र मिनीटिलर वितरण गरेको छ । "सहकारी, समूह र फार्ममा आबद्ध दलित, जनजाति, महिलालाई पहिलो प्राथमिकतमा राखेर खेत जोत्न प्रयोग हुने उपकरण वितरण गरेका छौँ", नगरपालिकाको कृषि शाखाका प्रमुख लालबहादुर धामीले भन्नुभयो, "दुई वर्षसम्म कृषिमा अनुदान नपाएका किसानलाई प्राथमिकतामा राखिएको छ ।"

उहाँका अनुसार नगरपालिकाले ५० प्रतिशत अनुदानमा ५१ पावरटिलर र २३ मिनीटिलर वितरण गरेको छ । सामुदायिक वनको २५ प्रतिशत, नगरपालिकाको २५ प्रतिशत र किसानको ५० प्रतिशत लागत साझेदारीमा १८ वटा पावरटिलर र २३ मिनीटिलर वितरण गरिएको छ ।

"एक पावरटिलरको मूल्य रु एक लाख ७४ हजार पाँच सय र मिनीटिलरको मूल्य रु ५२ हजार पाँच सय रहेको छ", शाखा प्रमुख धामीले भन्नुभयो, "कुल मूल्यमा किसानले आधा रकम व्यहोरेका छन् ।" रासस

# नेपाल इन्भेस्टमेन्ट मेगा बैंकद्वारा ११ वटा यातायात व्यवस्था कार्यालयहरूमा डिजिटल कारोबार गर्ने सुविधा

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल इन्भेस्टमेन्ट मेगा बैंकले देशको विभिन्न क्षेत्रहरूमा रहेका ११ वटा यातायातव्यवस्थाकार्यालयहरूबाट क्युआर कोडमार्फत विभिन्न शीर्षकमा राजश्व संकलनको व्यवस्था मिलाएको छ ।

यो सुविधाले गर्दा यातायात व्यवस्था कार्यालयमा हुने नगद कारोबारमा कमि भइ सेवा ग्राहिहरुलाई लामो समय लाइनमा बसेर नगद (खुद्रा) तिर्नुपर्ने झन्झटको अन्त्य भएको बैंकको भनाइ छ ।

क्युआर कोड प्रणालीबाट राजश्व संकलन गर्दा समयको बचत र पारदर्शी कारोबार हुनुका साथै नगद रहित कारोबारमा टेवा पुग्ने विश्वास बैंकले गरेको छ ।

हाल यो सुविधा यातायात व्यवस्था कार्यालयहरू बिर्तामोड, जनकपुर, नेपालगन्ज, सुर्खेत, इटहरी, हेटौँडा, सल्लाघारी, ठुलो भऱ्याङ, सानो भऱ्याङ, नारायणगढ, महेन्द्रनगर बाट सुचारु गरिएको बैंकका सूचना अधिकारी बिजेन्द्र सुवालले जानकारी दिए ।

बैंकले २६० शाखा, २५७ एटीएम, ६३ एक्सटेन्सन काउन्टरहरू र १०७ शाखारहित बैंकिङ काउन्टरहरूबाट आफ्ना ग्राहकहरूलाई सेवा दिइरहेको छ ।

# खाद्य उत्पादनमा योगदान गरेका किसान पुरस्कृत

लुम्बिनी । लुम्बिनी प्रदेश सरकारले प्रदेशमा उत्कृष्ट किसानलाई पुरस्कृत गरेको छ । विश्व खाद्य दिवस पारेर प्रदेश सरकार कृषि मन्त्रालयअन्तर्गत कृषि विकास निर्देशनालयले खाद्य वस्तुमा योगदान गरेका विभिन्न क्षेत्रका आठजना किसानलाई पुरस्कृत गरेको हो ।

कृषि प्रविधिको प्रयोग गरी उत्पादन र उत्पादकत्व बढाएका किसानलाई निर्देशनालयले नगद रकमसहित सम्मान गरेको हो । रुपन्देही, पश्चिम नवलपरासी, बर्दिया, रोल्पा, पाल्पा र दाङका खाद्यान्न, तरकारी, मसलाजन्य बाली र मौरीपालक किसान पुरस्कृत भएका छन् । प्रादेशिक कृषिजन्य खाद्य वस्तुको प्रतिव्यक्ति उपलब्धतामा दलहन र तेलहन बालीमा करिब दश प्रतिशतले न्यून रहेको तथ्याङ्क छ ।

प्रदेशको कूल ग्रार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २९ दशमलव ४० प्रतिशत रहेको छ । प्रदेशको ६ लाख ८० हजार १५ हेक्टर खेतीयोग्य जमिनमध्ये पाँच लाख ३५ हजार तीन सय ४० हेक्टर क्षेत्रफलमा मात्र खेती गरिएको छ ।

सिँचाइ प्रदेशलाई कृषिजन्य खाद्यवस्तुमा आत्मनिर्भर बनाउने गरी कार्य भइरहेको कृषि तथा भूमि व्यवस्था मन्त्रालयका सचिव यामनारायण देवकोटाले बताउनुभयो । खाद्यवस्तुहरूमा दिगो पहुँच र उपभोग वृद्धिमार्फत खाद्य तथा पोषण सुरक्षा हासिल गर्ने मन्त्रालयको लक्ष्य राखिएको समेत उहाँले जानकारी दिनुभयो ।

उत्पादन र उत्पादकत्व बढाउन गुणस्तरीय बीउ, सिँचाइ सुविधा र मलखादको आवश्यकता पर्दछ । तर किसान ती कुराबाट विमुख छन् । लुम्बिनी प्रदेशमा खाद्य सुरक्षका लागि जलवायु परिवर्तन, रोग किराजन्य महामारी, कृषि सामग्रीमा सीमित पहुँच, बजार पहुँच सीमितको हुनुजस्ता चुनौती रहेका छन् । रासस

# कर्णाली प्रदेशमा सिटिजन्स बैंकको १० शाखामार्फत बैकिङ्ग सेवा

**टुडे समाचारदाता**



काठमाण्डु । सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडले कर्णाली प्रदेशका विभिन्न जिल्लाका १० वटा शाखाहरू मार्फत करिब ७७,००० भन्दा बढी ग्राहकलाई आधुनिक बैंकिङ सेवा सुविधा प्रदान गर्दै आएको छ । कर्णाली प्रदेशको बैंकिङ विस्तारलाई विशेष प्राथमिकता दिँदै आएको बैंकले जनाएको हो ।

देशकै उचाईमा रहेको हुम्ला जिल्लाको सदरमुकाम सिमिकोटसहित नाम्खा र सार्केगाड एवं भौगोलिक हिसाबले देशकै सबैभन्दा ठुलो जिल्ला डोल्पाको दुनै र जुफाल लगायत मुगुको गमगढी, जाजरकोटको खलङ्गा र सुर्खेतको विरेन्द्रनगर शाखा मार्फत बैंकिङ सुविधा प्रदान गर्दै आएको छ । यसका साथै सिटिजन्स बैंकले कर्णाली प्रदेशको भौगोलिक अवस्थालाई मध्यनजर गर्दै यस क्षेत्रका ग्राहकलाई सहज रुपमा कृषि, पशुपालन र जडीबुटी सम्बन्धी कर्जा उपलब्ध गराउँदै आएको छ । जसले गर्दा यस प्रदेशको अर्थतन्त्र चलायमान भई समग्र विकासमा टेवा पुगेको विश्वास बैंकले लिएको छ । सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडका प्रमुख कार्यकारी अधिकृत गणेश राज पोखरेलले प्रदेश अन्तर्गतका १० वटै शाखा प्रबन्धकहरूसँग जुमको माध्यमबाट बैठक एवं छलफल गर्दै यस प्रदेशलाई विशेष प्राथमिकतामा राखेर सरल सहज र गुणस्तरीय बैकिङ्ग सेवा मार्फत यस क्षेत्रका सर्वसाधारणको मन जित्न सबैलाई निर्देशन दिए ।रासस

# नेपाल पे इन्स्यान्टमार्फत् निःशुल्क फण्ड ट्रान्सफर गर्न सकिने

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालीहरूको महान पर्व दसैं तथा तिहारको अवसरमा बैंक वित्तीय संस्था तथा भुक्तानी सेवा प्रदायकका ग्राहकहरूले नेपाल पे इन्स्यान्टमार्फत् निःशुल्क फण्ड ट्रान्सफर गर्न सक्नेछन्। कात्तिक १ गतेदेखि कात्तिक ३० गतेसम्मका लागि उक्त अफर सार्वजनिक गरिएको हो ।

नेपाल पे इन्स्यान्टमार्फत् ग्राहकहरूले बैंक/वित्तीय संस्था, भुक्तानी सेवा प्रदायक वा कनेक्ट आइपिएसमा लाभग्राहीको रजिष्टर्ड मोबाइल नम्बरको आधारमा फण्ड ट्रान्सफर गर्न सक्दछन्। हाल नेपाल पे इन्स्यान्टको सुविधा कनेक्ट आइपिएस बैंकका मोबाइल बैंकिङ एपहरू तथा सेल पे, हाम्रो पे र मोरु लगायतका वालेटहरूमा उपलब्ध रहेको छ ।




नेपाल पे इन्स्यान्टमा लाभग्राहीको भर्चुअल प्राइभेट एड्रेस (भिपिए) को आधारमा फण्ड ट्रान्सफर वा भुक्तानी गर्न सकिन्छ। ग्राहकले लाभग्राहीको मोबाइल नम्बर प्रयोग गरेर फण्ड ट्रान्सफर गर्न सक्नेछन् र यसको लागि बैंक खाताको विवरण आवश्यक पर्दैन।

नेपाल पे इन्स्यान्टमार्फत फण्ड ट्रान्सफर गर्दा ग्राहकहरूले नेटवर्क छ्नोट गरी लाभग्राहीको मोबाइल नम्बर प्रविष्ट गरेर मोबाइल बैंकिङ एप वा वालेट वा कनेक्ट आइपिएसबाट ट्रान्सफर गर्न सक्छन् ।

# बेलतोडी सम्पन्न

**संजय कुमार यादव**

जनकपुरधाम । तराई मधेशका दुर्गा मन्दिरमा देवी दुर्गाको नवनिर्मित प्रतिमामा शनिबार आँखा उघार्ने विधि सम्पन्न भएको छ।

तराई मधेशमा निजी र सामूहिक रूपमा दुर्गा पूजा गरिने परम्परा रहेका कारण सामूहिक पूजाअर्चना गर्दा आश्विन शुक्लपक्ष प्रतिपदाका दिन माटोबाट बनाइएका देवी दुर्गाको प्रतिमाको स्थापना गरिने चलन रहेको छ।

मन्दिरमा प्रतिमाको स्थापना गरिदा आँखा बनाइएको हुँदैन । आँखा सप्तमीका दिन पूजा गरेपछि मात्र राखिन्छ । यो विधिका लागि षष्ठीका दिन बेल निमन्त्रण गरिन्छ, जसलाई बेलनौती भनिन्छ । यसअन्तर्गत बेलका रूखको एउटै हाँगाको फलेको जोडा बेललाई रातो कपडामा बेरेर बेल निमन्त्रण गरिन्छ । सो क्रममा विधिका लागि तय गरिएको बेलको रूखतिर बाजागाजाका साथ श्रद्धालुहरू गीतनाद भजन गाउँदै पुग्ने परम्परा रहेको छ। सप्तमीका दिन बेल जोडीलाई स-सम्मान ल्याउन पालकी बोकेर जाने गरिन्छ।



शिवपार्वती भनी विश्वास गरिएका दुवै बेललाई निमन्त्रण दिइएको हतियारबाट एकै पटकमा काटिन्छ र त्यसलाई पालकीमा राखी पूजा स्थलतिर लगिन्छ। पछि दुवैलाई प्रतिमा भएको स्थानमा राखी सोही बेलको पातको डाँठबाट दुर्गाको आँखा उघार्ने गरिन्छ , जसलाई पूर्ण आकारको दुर्गा जन्म भएको मानिन्छ।

आज अष्टमीका दिन प्रसाद चढाउनुका साथै महिलाहरुले खोँइछ भर्ने र साँझदेखि राजदेवी मन्दिरमा बली प्रदान गरिने छ।

# छिपहरमाई मन्दिरमा श्रद्धालुको भीड




**टुडे समाचारदाता**

पर्सा । पर्साको छिपहरमाई गाउँपालिका वार्ड नं ४ बंजारीमा रहेको छिपहरमाई मन्दिरको इतिहासका बारेमा छिपहरमाईको मुख्य पुजारी दिपू पाण्डेय, पुजारी रामेश्वर यादव र द्वारिका यादवलगायतले जनाए अनुसार मन्दिर को इतिहास धेरै पुरानो रहेको छ।

जनश्रुति अनुसार करिब तीन सय वर्ष पहिला एक जना दानवले एकै रातमा सात वटा पोखरीको उत्खनन गरेको थियो । पोखरीको नाम छिपहरमाई, पनपिउवा, रध्या, बिचलीमा तीन र धोबहा गरी सातवटा पोखरी दानवले खनेको थियो।

छिपहरमाई रध्या पोखरीको छुट्टै इतिहास रहेको छ । यो पोखरी करिब चार बिगहा मा रहेको छ । यो पोखरीको पनि एउटा अलग इतिहास नै रहेको छ । यो पोखरीको जल बंजारी र बरवां गाउँको जनताहरुले आफ्नो घरमा कुनै यज्ञ, महायज्ञ, अष्टजाम, विवाह र मरनहरनको भोजमा हालेर शुद्ध गर्ने चरन रहेको पुजारीहरु बताउँछन्।

यो पोखरीको जल प्रयोग नगरेसम्म यज्ञ सफल नहुने र अशुद्ध मानिने पुजारीहरुको कथन छ । स्थानीय गणेश यादवका अनुसार करिब २६० वर्ष पहिला धोबहा पोखरी नजिक बरवां गाउँको सुगेदार राउत अहिर भैंसी चराउन गएको बेला माता छिपहरमाई प्रकट भइन र माता रानीले राउतलाई आफ्नो मूर्ति यहाँबाट राम्रो ठाउँमा लगेर स्थापना गर्नु बताएका थिए। माताले आफ्नो पूजापाठ गर्नेको मांग र भाकल पूर्ण हुने बताएका थिए।

चरवाहाले मूर्ति आफ्नो घरमा लग्दा रातिमा माताले सपनामा चरवाहालाई आफ्नो मूर्ति घरमा नभइ गाउँको बाहिर स्थापना गर्न आदेश दिइन । त्यसपछि चरवाहाले फुसको झोपडी बनाएर छिपहरमाईको मूर्ति स्थापना गरी पूजापाठ सुरु गरेका थिए।

छिपहरमाई मन्दिरमा श्रद्धा र विश्वासका साथ भाकल गर्नेको मोनकामना पूर्ण हुने जनविश्वास रहेको छ।

यो मन्दिरको जग्गा बंजारी गाउँकी महिला गायत्री देवी मारवाडीले दान गरेकी थिइन । पछि लंगडी गाविसका अध्यक्ष मुखिया जगदीश प्रसाद कुर्मीले मन्दिरको झोपडी हटाएर पक्की भवनको निर्माण गराएका थिए । उनको पनि मनोकामना पूर्ण भएकाले सो मन्दिरको पक्की भवन निर्माण गराएको स्थानीय गणेश यादवले बताए।

चरवाहा राउतको करिब ९० वर्षको उमेरमा निधन भएको थियो । चरवाहाको निधन पछि तीन पुस्तैनी उनको नातीको छोरा रामेश्वर यादव अहिले पनि माता रानी छिपहरमाईको पुजारी रहेर माता रानीको सेवामा समर्पित रहेका छन्।

माताको स्थानको धेरै नै महत्व रहेकाले पर्सा, बारा, रौतहट, चितवन, मकवानपुर, भारतको पटना, मुजफ्फरपुर, गोरखपुर, दिल्ली, हरियाणा, मोतिहारी, रक्सौल, बेतिया, लौरिया, चनपटिया, नरकटियागंज, सिकटा, भैनाटाडलगायत ठाउँका भक्तजनहरु दर्शन र भाकल गर्न आउने गर्छन।

पुजारी द्वारिका यादवका अनुसार यहाँ दशैं र चैतको नवरात्रीमा भक्तजनहरुको धेरै भीड हुनेगर्छ । छिपहरमाईको मन्दिरमा घटस्थापनाको दिन देखि अष्टजाम सुरु हुने गर्छ भने पंचमीको दिन देखि विशेष प्रसाद चढाइन्छ। सप्तमीको दिनदेखि भूतप्रेत, झाँक्रीको ठूलो मेला लाग्छ । दशमीको दिन बिहानैदेखि चुनरी, प्रसाद, चढाएर पूजापाठ, कथा, नटुवाको नाच हुने गरेको छ । त्यसपछि बली प्रदान गर्ने परम्परा रहेको छ।

# मिल्स सञ्चालनको मागसहित प्रधानमन्त्रीलाई ज्ञापनपत्र

**टुडे समाचारदाता**

रौतहट । रौतहको गरुडा श्रीराम सुगर मिल्स संघर्ष समितिले शनिबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसंग भेटघाट गरेका छन्।

वर्षौंदेखि बन्द रहेको श्रीराम सुगर मिल्स सञ्चालन गराउनुपर्ने माग गर्दै मिल्स संघर्ष समितिले प्रधानमन्त्री प्रचण्डसंग भेटवार्ता गरी ज्ञापनपत्र बुझाएका छन्।

चिनी मिल सुचारु गराउन निरन्तर संघर्ष गर्दै आएका उखु उत्पादक संघ रौतहटका अध्यक्ष अशोक यादवको नेतृत्वको एक टोलीले काठमाण्डुमा प्रधानमन्त्री प्रचण्डसंग भेटवार्ता गरेका छन्।



संघर्ष समितिले बन्द रहेको श्रीराम सुगर मिल्स सुचारु गराउनुपर्ने माग राख्दै प्रधानमन्त्री प्रचण्डलाई ज्ञापनपत्र बुझाएका छन् । भेटघाटको क्रममा २०७७ सालदेखि नै बन्द रहेको रौतहटकै धरोहरको रुपमा रहेको गरुडाको श्रीराम सुगर मिल्स सुचारु गराउनका लागि प्रधानमन्त्री प्रचण्डलाई ध्यानाकर्षण गराएको भेटमा सहभागी उखु उत्पादक संघका अध्यक्ष अशोक यादवले बताए।

आफूहरु यसअघि पनि प्रधानमन्त्री प्रचण्डलाई भेटेर उक्त मिल्स सञ्चालन गराउन ज्ञापनपत्र बुझाएको भए पनि मिल्स अझै सुचारु नभएपछि पुनः दोश्रो पटक प्रधानमन्त्री प्रचण्डलाई ध्यानाकर्षण गराउनुका साथै ज्ञापनपत्र बुझाएको अध्यक्ष यादवले बताए।

सो क्रममा प्रधानमन्त्री प्रचण्डले बन्द अवस्थामा रहेको श्रीराम सुगर मिल्स जसरी भए पनि सञ्चालन गराउने प्रतिवद्धता जाहेर गरेको उनले बताए।

उद्योग सञ्चालन गराउने प्रधानमन्त्रीको आश्वासनले अब वर्षौंदेखि बन्द रहेको गरुडा चिनी मिल सुचारु हुनेमा आफूहरु विश्वस्त रहेको भेटमा सहभागी अर्का नेकपा एकीकृत समाजवादी पार्टीका नेता बृज किशोर यादवले बताए।

सो क्रममा नेकपा एसका नेता राम भरोस यादव, नेता मोहसर आलमलगायतको उपस्थिति रहेको थियो।

मिल्स निरन्तर घाटामा गएको भन्दै २०७७ सालमा उद्योगपति दिवाकर गोल्छाले गरुडा स्थित रहेको श्रीराम सुगर मिल्स सधैंका लागि बन्द भएको घोष्णा गरेका थिए। त्यस बेलादेखि नै रौतहटका किसान तथा सबै राजनीतिक दलका नेताहरुले मिल्स सञ्चालनका लागि पटक पटक आन्दोलन गर्दै आएका छन्।

# पूर्वाग्रही भएर पत्रकारिता नगर्न आग्रह

**टुडे समाचारदाता**

रौतहट । नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य शिव पूरीले जिल्लामा पत्रकारिता मूलधारबाट बाहिर रहेकोले सुधार गर्न आवश्यक रहेको बताएका छन।




रौतहट जिल्लामा पत्रकारिता क्षेत्रमा देखिएका समस्याको समाधानका लागि छलफल गर्ने उद्देश्यले आयोजना गरिएको अन्तरक्रिया कार्यक्रममा उनले सामाजिक सञ्जालको दुरूपयोग, पत्रकारिता पेशाप्रति गम्भीरता नदेखाएको कारण रौतहटमा पत्रकार भनेर परिचय दिन सकिने अवस्थासमेत नरहेको गुनासो पोखे।

पत्रकारिता पेशामा आएका नया संचारकर्मीहरुलाई मर्यादित शिष्ट रुपमा पत्रकारिता गर्न आग्रह गर्दै उनले पत्रकार समाजको ऐना भएकोले कसैलाई खुशी पार्न कसैलाई बदनाम गर्ने कार्य नगर्नु, खोजमूलक, अनुसन्धानमूलक, सचेतनामूलक, विकासमूलक पत्रकरिता गर्नु अहिलेको आवश्यकतामा जोड दिए।

कार्यक्रममा नेपाल पत्रकार महासंघ मधेश प्रदेशका सदस्य शैलेन्द्र झाले पत्रकरितामा दलमुखी बढेकोले जनतामुखी बनाउन आग्रह गरे । उनले सामाजिक सञ्जाल प्रयोग गर्दा कानून, मान मर्यादालाई ख्याल गर्नुपर्ने सुझाव समेत दिए।

> पत्रकार प्रभात कुमार झाले जातीपाती, वर्ग, लिंग, धर्मलाई लक्षित गरेर लेख्दा पत्रकारिताको धर्म विपरीत हुने भएकोले त्यस्तो नगरी सत्यतथ्य र प्रमाणको आधारमा कलम चलाउन आग्रह गरे । शब्दको प्रयोग शुद्ध रुपमा गर्नुपर्ने सुझाव दिँदै कसैको चरित्र हत्या गर्ने कार्य कहिल्यै पनि नगर्न उनले बताए ।

पत्रकार प्रभात कुमार झाले जातीपाती, वर्ग, लिंग, धर्मलाई लक्षित गरेर लेख्दा पत्रकारिताको धर्म विपरीत हुने भएकोले त्यस्तो नगरी सत्यतथ्य र प्रमाणको आधारमा कलम चलाउन आग्रह गरे । शब्दको प्रयोग शुद्ध रुपमा गर्नुपर्ने सुझाव दिँदै कसैको चरित्र हत्या गर्ने कार्य कहिल्यै पनि नगर्न उनले बताए।

पूर्व अध्यक्ष शैलेन्द्र गुप्ताले विगतको अवस्थामा अहिले रौतहटको पत्रकारितामा देखिएको विकृति विसंगतिको कारण पत्रकारको मर्यादा गुम्दै गएकोप्रति चिन्ता व्यक्त गरे । नेतामुखी पत्रकारिताले वास्तविक मुद्दा ओझेलमा पर्दै गएको उल्लेख गर्दै व्यावसायिक पत्रकारिता गर्न जोड दिए।

कार्यक्रममा युवा नेता विक्रम यादव, जनता समाजवादी पार्टी नेपालका युवा नेता ललन कुमार साह, नेपाल पत्रकार महासंघ रौतहट शाखाका कोषाध्यक्ष धर्मेन्द्र साह, क्रियाशील पत्रकार भूषण सिंहले आआफ्नो विचार राखेका थिए।

## हेलो सरकारः नागरिक सरोकार

**हेलो सरकार किन ?**

- नागरिकका गुनासो तथा पीरमर्का सुन्न, बुझ्न र समाधान गर्न,
- कुनै निकाय वा पदाधिकारीलाई तोकिएको जिम्मेवारी पूरा गराउन,
- सार्वजनिक सेवालाई जनमुखी र प्रभावकारी बनाउन,
- सार्वजनिक सेवालाई पारदर्शी बनाई सुशासन कायम गराउन,

**त्यसैले हेलो सरकारमा गुनासो गरौं। सार्वजनिक निकायमा भएका कमी कमजोरी, सेवा प्राप्तिमा बञ्चिती, अवरोध र अनियमितता रोकौं, जिम्मेवार नागरिकको कर्तव्य पुरा गरौं।**

**कुनै गुनासो तथा परामर्श भए हेलो सरकारको निशुल्क टेलिफोन नम्बर १११ मा खबर गरौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८